# सम्सी गाउँपालीका

# गाउँपालीकाको आवाधिक योजना

अन्तिम प्रतिवेदन

## गाउँकार्यपालिकाको कार्यालय
## सम्सी, महोत्तरी,
## प्रदेश नं.२



Scanned with CamScanner

# विषय सूची


क्ष संक्षेप ........................................................................ ६

खण्ड १: भूमिका ........................................................................ ७

१.१ पृष्ठभूमि ........................................................................ ७

१.२ आवधिक योजनाको परिभाषा ........................................................................ ९

१.३ नीतिगत र कानुनी व्यवस्था ........................................................................ ९

१.४ राष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध ........................................ १०

१.५ उद्देश्य ........................................................................ १०

१.६ सीमा ........................................................................ ११

१.७ अध्ययन विधि ........................................................................ १२

१.८ कार्य प्रगति विवरण ........................................................................ १३

१.८.१ आधिकारिक व्यक्तित्वहरुसँगको भेट ........................................................ १३

१.८.२ अभिमुखिकरण प्रस्तुती ........................................................................ १४

१.८.३ जनशक्ति व्यवस्थापन ........................................................................ १४

१.८.४ सहमती तथा निर्णय पुस्तिका ........................................................................ १६

१.८.५ वडा भेला ........................................................................ १६

१.८.६ "दिर्घकालिन सोच निर्धारण" ........................................................................ १६

१.९ अग्रणी क्षेत्रहरुको पहिचान ........................................................................ १७

१.१० समस्या, सम्भावना, चुनौती तथा अवसर पहिचान तथा विश्लेषण ........................ १७

१.११ लगफ्रेममा आधारित प्रारम्भिक योजना तथा कार्यक्रमको पहिचान, छनौट एवं लागत अनुमान ........ १७

१.१२ आवधिक योजनाको दस्तावेज तयारी ........................................................ १८

१.१३ आवधिक योजनाको स्वीकृति, कार्यान्वयन (वार्षिक योजना तर्जुमा) एवं मध्यावधि मूल्यांकन ........ १८

खण्ड २ : गाउँपालिकाको वस्तुस्थिति विवरण ........................................................ २१

२.१ गाउँपालिकाको चित्रण ........................................................................ २१

२.१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजनभ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.१.२ ऐतिहासिक पृष्ठभूमि ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.१.३ भू-क्षेत्र (टोपोग्राफी) ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.१.४ जलवायु ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.१.५ जलाशय ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.१.६ प्रमुख स्थलहरु ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.२ जनसंख्या विवरण तथा प्रक्षेपण ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.२.१ जनसंख्याको आकार तथा वृद्धिदर ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा

२.२.२ जनसंख्याको उप-विश्लेषण ........................................ भ्चचयचञ ध्ययफवचप लयत मभाष्लभमा




Scanned with CamScanner

२.२.३ जनसंख्याको बनावट ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.२.४ वडागत जनसंख्या वितरण ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.२.५ जातिगत एवं धर्मको आधारमा जनसंख्या विवरण ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.३ भू-उपयोग तथा शहरीकरणको स्वरुप ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.४ नगरको आर्थिक तथा रोजगारी स्थिति ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.४.१ पेशा ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.४.२ घरधुरीको आर्थिक हैसियत ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.४.३ प्रति व्यक्ति आय व्यय ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.४.४ कृषि ........ २१
२.४.५ पशुपालन ........ २६
२.४.६ उद्योग क्षेत्रको स्थिति ........ २७
२.४.७ वित्तिय संस्था एवं गतिविधि ........ २८
२.४.८ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति ........ २८
२.४.९ अन्य आर्थिक विकासका संभावनाहरु ........ २८
२.५ भौतिक तथा सार्वजनिक पूर्वाधार ........ २८
२.५.१ सडक तथा यातायात ........ २८
२.५.२ सञ्चार प्रणाली ........ २८
२.५.३ विद्युत तथा वैकल्पिक ऊर्जा विकास स्थिति ........ २९
२.५.४ खानेपानी आपूति ........ २९
२.५.५ सिंचाई ........ २९
२.६ सामाजिक पूर्वाधार तथा सेवा ........ २९
२.६.१ शिक्षा ........ २९
२.६.२ स्वास्थ्य ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.६.३ खेलकुद तथा क्रिडास्थल ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.६.४ महिला तथा बालबालिकाको विकास स्थिति ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.६.५ उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको स्थिति ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.७शहरी वातावरणको स्थिति ........ २९
२.७.१ प्रमुख समस्याहरु ........ २९
२.७.२ वायु तथा जल प्रदुषण ........ ३०
२.७.३ ढल निकास ........ ३०
२.७.४ शौचालय प्रयोगको स्थिति ........ ३०
२.७.५ फोहरमैला व्यवस्थापन ........ ३०
२.७.६ वन व्यवस्थापन स्थिति ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा
२.८ जोखिम व्यवस्थापनको स्थिति ........ ३१
२.९ संस्थागत स्रोत तथा क्षमता ........ भ्चचयचज्ञ द्ययफबचप लयत मभाष्लभमा



Scanned with CamScanner

२.९.१ गाउँपालिकाको संगठन स्वरुप र संस्थागत क्षमता विकासको अवस्था विश्लेषण .............. भ्चचयचज्ञ ययफबचप लयत मभाष्लभमा

२.९.२ वित्तीय स्रोत तथा क्षमता विश्लेषण .................................. भ्चचयचज्ञ ययफबचप लयत मभाष्लभमा

२.९.३ गाउँपालिकाको नाममा रहेको जग्गा जमिन विवरण............ भ्चचयचज्ञ ययफबचप लयत मभाष्लभमा

२.९.४ जनसहभागिता परिचालन स्थिति ................................... भ्चचयचज्ञ ययफबचप लयत मभाष्लभमा

२.९.५ गैससहरुको संलग्नता ................................................ भ्चचयचज्ञ ययफबचप लयत मभाष्लभमा

२.१०SWOT Analysis of Sandhikharka Municipality ........................................................ ३१

ण्ड ३ : आवधिक विकास योजना ........................................................................................ ३५

३.१ भूमिका ......................................................................................................... ३५

३.२ गाउँपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरु ........................................................ ३५

३.२.१ दीर्घकालीन सोच ............................................................................................ ३५

३.२.२ गाउँपालिका विकासका सिद्धान्तहरु ........................................................................ ३६

३.२.३ गाउँपालिका विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु .................................................. ३७

३.३ गाउँपालिकाका समस्या, चुनौती तथा अवसरहरु ............................................................ ३८

३.३.१ गाउँपालिका विकासका प्रमुख समस्याहरु .................................................................. ३८

३.४ पालिकाका विकासका अग्रणी क्षेत्र ......................................................................... ४१

३.५ भौतिक विकास योजना ........................................................................................ ४५

३.५.१ परिभाषा, उद्देश्य एवं प्रक्रिया ............................................................................ ४५

३.५.२ योजनागत नक्साहरु र विश्लेषण ............................................................................ ४६

३.५.३ शहरी विस्तार क्षेत्र निर्धारण ................................................................................ ४६

३.५.४ भू-उपयोग क्षेत्र निर्धारण .................................................................................. ४८

३.५.५ भौतिक विकास योजनाको कार्यान्वयनको लागि आवश्यक कार्यक्रम तथा नीतिहरु .................... ४९

३.५.६ पूर्वाधार लगानी रणनीति .................................................................................... ५४

३.५.७ मुख्य भू-उपयोग क्षेत्र निर्धारणमा गर्न पाइने क्रियाकलापहरु ............................................ ५५

३.५.८ भवन निर्माण मापदण्ड ....................................................................................... ५९

३.५.९ जग्गा विकास कार्यक्रम ...................................................................................... ६०

३.६ सामाजिक विकास योजना ..................................................................................... ६१

३.७ वातावरणीय व्यवस्थापन योजना ............................................................................. ७२

३.८ प्रकोप व्यवस्थापन योजना .................................................................................... ७५

३.९ संस्थागत विकास योजना ..................................................................................... ७९

३.९.१ भूमिका ....................................................................................................... ७९

३.९.२ संगठन विकास योजना ...................................................................................... ८०

३.९.३ जनशक्ति विकास योजना ................................................................................... ८१

३.१०. आर्थिक विकास योजना ..................................................................................... ८५

३.११ वित्तीय विकास योजना ...................................................................................... ८९



Scanned with CamScanner

३.१२ आयोजना तथा कार्यक्रमको सूची तथा प्रारम्भिक लागत अनुमान ........ ९३
३.१२.१ प्रारम्भिक सम्भाव्यता अध्ययन ........ ९३
३.१२.२ प्राथमिकता एवं वर्गीकरण ........ ९३
३.१२.३ बजेट अनुमान तयारी ........ ९५
३.१३ कार्यान्वयन योजना ........ ९५
३.१४ अनुगमन तथा मूल्याङ्कन पद्धति ........ ९६
३.१५. सुझाव तथा सिफारिसहरु ........ ९६



Scanned with CamScanner

# शब्द संक्षेप

| | |
|---|---|
| आ.व | : आर्थिक वर्ष |
| एडिबि | : एशियाली विकास बैंक |
| कि.मी | : किलोमिटर |
| के.जी./कि.ग्रा | : किलोग्राम |
| कृ.वि.बै | : कृषि विकास बैंक |
| गा.वि.स/गाविस | : गाउँ विकास समिति |
| गै.स.स/गैसस | : गैर सरकारी संस्था |
| कृ.वि.का | : कृषि विकास कार्यक्रम |
| खा.पा.का | : खानेपानी कार्यालय |
| स्वा.का. | : स्वास्थ्य कार्यालय |
| जि.स.स | : जिल्ला समन्वय समिती |
| जि.प्र.का | : जिल्ला प्रहरी कार्यालय |
| इ.प्र.का | : इलाका प्रहरी कार्यालय |
| नि.मा.वि | : निम्न माध्यमिक विद्यालय |
| प्रा.वि | : प्राथमिक विद्यालय |
| न.वि.स. | : नगर विकास समिति |
| मा.वि | : माध्यमिक विद्यालय |
| उ.मा.वि | : उच्च माध्यमिक विद्यालय |
| मे.ट | : मेट्रिक टन |
| खा.त.स.डि.का. | : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| श.वि.त.भ.नि.वि. | : शहरी विकास तथा भवन निर्माण विभाग |



Scanned with CamScanner

# खण्ड १: भूमिका

## १.१ पृष्ठभूमि

नेपालका धेरैजसो पालिकाहरु शहरी सेवा सुविधा, सडक संजाल, सुरक्षित खानेपानी, सरसफाई, फोहोरमैलाको उचित प्रवन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारहरुबाट वञ्चित छन् । शहरीकरणका विविध वहिर्भावहरु(Externalities) बाट प्रभावित यस्ता पालिकाहरु विविध वातावरणीय चुनौतीहरुसँग पनि जुझिरहेकाछन् । अनियन्त्रित वा असंरचित विकासका कारण धेरैजसो खोला-नालाहरु, समथल भूमि, ताल एवं पोखरी जस्ता जलाशयहरु एकातिर तीव्र अतिक्रमित हुँदै गैरहेकाछन् भने अर्कोतिर यस्ता क्षेत्रहरूमा ढल-नाला एवं फोहोर-मैलाको अव्यवस्थित मिल्काईले प्रदुषित समेत बन्दै गईरहेका छन् ।

कतिपय ठूला पालिकाहरुले धेरै अगाडि देखिनै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूबाट वातावरणीय क्षयताको नतिजा भोगिसकेका छन् । आवासकोलागि जंगल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहर माथिको गैर कानुनी अतिक्रमणले गर्दा प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रुपले नकारात्मक असर पुऱ्याई रहेको छ । आन्तरिक द्वन्दको परिणाम स्वरुप विस्थापित व्यक्तिहरुको शहरमुखि आगमनले समेत यस्ता गैर कानुनी आवासको समस्या अझ भयावह रुपले थपिएको छ । एकातिर अव्यवस्थित शहरीकरणले खेतीयोग्य जमिनको ह्रासता बढ्दो छ भने कतिपय शहरी क्षेत्रहरू स्व-रोजगारका अवसरहरू तथा खाद्य परनिर्भरता निम्त्याउने कारक तत्वको रुपमा स्थापित हुँदै गैरहेकाछन् । जनसंख्या वृद्धिको उर्धगति र आशातित आर्थिक विकासका प्रतिफल बीच सामाञ्जश्यता कायम गर्न नसकिएको परिणामस्वरुप धेरै गाउँपालिकाकालागि शहरी गरिबी प्रमुख चुनौतीका रुपमा स्थापित हुँदै गइरहेका छन्, यस्ता कारणले गाउँपालिकाहरूका विकासका प्रयासहरु वृहत्तर रुपमा कमजोर सावित भएका छन् ।

गाउँपालिकाका आजसम्मका विकासका प्रयासहरू योजनावद्ध तथा समन्वयात्मक भन्दापनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन् । विशेषतः मानव संशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक श्रोतहरु नै कमजोर प्रस्तुतिकरणको प्रमुख कारक तत्वको रुपमा रहेको पाईन्छ । समग्रमा, दीर्घकालीन विकासका सोचहरु वा व्यवस्थित योजनाहरुको अभावले गाउँपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुनगएको देखिन्छ जसले गाउँपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिपूर्ण र सीमित अवसरयुक्त सावित भएका छन् । विगतका प्रयासहरु सामाजिक समावेशिता, शहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकाश तथा परिचालन, नगरपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दावाट अलग रहेको



Scanned with CamScanner

पाईन्छ । परिमाणतः धेरै नगरपालिकाहरु समग्र विकासको अवधारणका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम योगदान गर्नबाट चुक्न गएको देखिन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले गाउँपालिकाको योजनामा पुनर्सोच गरी सीमितताबाट छुटकारा प्राप्त गरिनुपर्ने कुरामा जोड दिएकोछ । ऐनले स्पष्ट रुपमा सहभागितात्मक विकासको आवश्यकता र गाउँपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसंग सामन्जश्यता राखी प्राप्त गरेको विस्तृत आवधिक योजना, विषयगत उद्धेश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ । यसबाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्बोधन गरिनुपर्ने क्षेत्रका सम्बन्धलाई निराकरण गर्ने र अल्पकालीन कार्ययोजनासँगपनि सामाञ्जश्यता कायम गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी, ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकताप्रति निर्दिष्ट छ ।

पन्धौ योजना (२०७६-२०७८) ले गाउँपालिकाको आवधिक योजना(Periodic Plan) निर्माणको प्राथमिकता लगायत आवश्यकिय प्राविधिक सहयोगको समेत व्यवस्था गरेको छ । वि.स २०७४ मा संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयद्वारा आवधिक योजना तयार गर्ने निर्देशिका समेत तयार भएको छ । यद्यपि अधिकांश गाउँपालिकाले आफ्नो आवधिक योजना तर्जुमाको थालनी उक्त निर्देशिकाको भावना अनुरूप पूर्णत पालना गरेको भेटिदैन । पछिल्लो समयमा शहरी विकास तथा भवन निर्माण विभाग(श.वि.तथा भ.नि.वि.),(DUDBC: Department of Urban Development and Building Construction)को प्राविधिक सहयोगमा digital map, profile of base line information तयार भइसकेको छ ।

विभिन्न संस्थाहरुका असंयोजित प्रयासहरुका साथसाथै संस्थागत विशेषिकृत स्वार्थहरु प्रतिको झुकावले गाउँपालिकासंग संवद्ध कर्मचारीहरुमा चेतना जगाउने कार्य लगायत आवधिक योजना तर्जुमाको महत्व समेतलाई कम गराएको छ । एकातिर सीमित तथा असंरचित आर्थिक प्रयासले धेरै गाउँपालिकाहरुका कार्यक्रमहरु प्रभावित छन् भने अर्कोतिर मौजुदा सीमितताले आवधिक योजना कार्यक्रमको थालनी, संस्थाहरु वीच वृहत्तर संयोजन तथा सहकार्यलाई अभियानको रुपमा अगाडि लैजानु पर्ने आवश्यकता समेतलाई वोध गराईदिएको छ । आवधिक योजनाको अभावमा विषयगत लगानी माथि संयोजन गर्न समस्या उब्जिएको छ जसले गाउँपालिका क्षेत्रको विकासमा समेत अवरोध श्रृजना गरेकोछ ।

यस परिप्रेक्ष्यमा एउटा दीर्घकालीन नीतिको प्रारम्भ स्वरुप सम्सी गाउँ पालिकाले पालिका क्षेत्रको वर्तमान जनजीवनलाई उच्च गुणस्तरतर्फ अभिमुख गर्न आवधिक योजनाको तर्जुमा गरी नियोजित विकास गर्न आर्थिक वर्ष २०७६/७७ मा यस गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि



Scanned with CamScanner

कुशल परामर्शदातृ संस्थाको चयन गर्ने क्रममा सम्मी गाउँपालिका को आवधिक योजना तर्जुमा गर्न मिति २०७६ साल फागुन ०२ गते का दिन सम्मी गाँ.पा.र कन्सलटेण्ट बीच संझौता भएको छ ।

## १.२ आवधिक योजनाको परिभाषा

यस क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तीमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न, सिद्धान्त, रणनीति र कायनीति तथा प्रमुख क्रियाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।

## १.३ नीतिगत र कानुनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको रुपमा रहेका नगरपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रको आवधिक योजना, सडक, पर्यटन, पुवाधार, कृषि, पशुपालन, कृषि उत्पादन व्यवस्थापन तथा समग्र कृषि क्षेत्रको वैज्ञानिक विकासका लागि स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार प्राप्त गरेको अवस्था छ । उक्त नीति हासिल गर्ने प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११(१) ले प्रत्येक स्थानिय निकायले आवधिक योजना वनाउनु पर्ने अनिवार्यव यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहाय बमोजिमका विषयहरु उल्लेख गरेको छः

(क) पालिकाको भौगोलिक, आर्थिक एवं प्राकृतिक सम्पदाहरुको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवं लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरु

(ग) पिछडिएका जातजातिहरु एवं गरिवी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु ।

(घ) महिला र बालबालिकाकोलागि आयमूलक र सीपमूलक कार्यहरु ।

(ङ) सम्पन्न भएका विभिन्न विषय क्षेत्र अन्तरगतका आयोजनाहरुको विवरण र तिनीहरुको संचालन तथा सम्भार सम्वन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालिन एवं दीर्घकालीन विकास कार्यहरु ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्वन्धी योजना ।



Scanned with CamScanner

त्यसैगरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३५(१)ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

(१) ऐनको दफा १११ को उपदफा (६) बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पांच वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्नेछ।

(२) उपनियम(१) बमोजिम तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत स्थानिय निकायले गर्ने काम समावेश भएको हुन पर्नेछ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिसँग परार्मश गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिम रुप दिनुपर्नेछ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११(७) अनुसार स्थानिय निकायले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टि गत आवश्यकताहरु लाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी प्रत्येक क्षेत्रको विकासको निमित्त पालिकास्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिने श्रोत नक्सातयार गर्नुपर्ने व्यवस्था ऐनको दफा ११२ मा उल्लेख छ।

## १.४ राष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध

गाउँ र नगरको योजनावद्ध विकासबाट नै राष्ट्रिय विकास सम्भव हुन्छ। विकासका निम्ति स्थानीय वासिन्दाहरु नै योजनाकार र कार्यान्वयनकर्ता हुन्। राष्ट्रिय योजना आयोगवाट तर्जुमा भएको निर्देशिकाको आधारमा जिल्लाको समग्र विकासका लागि अधिकांश जिल्लाहरुले आवधिक योजना तर्जुमा गरिसकेका छन्। राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नमा नगरपालिकाहरुको आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ। राष्ट्रिय, जिल्ला र पालिका स्तरका योजनाहरुका बीच आवश्यक समन्वय र अन्तरसम्वन्ध हुनु जरुरी छ। त्यस्तो सम्बन्धले एक अर्काबीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपना (Duplication) हट्न सहयोग मिल्छ। गाउँपालिकाको आवधिक योजना बनाउँदा जोडिएका पालिकाहरुको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यसलाई समेत ध्यान दिनुपर्दछ।

## १.५ उदेश्य

यस अध्ययन कार्यको उद्देश्य, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आवधिक योजना तर्जुमा निर्देशिका ले आवधिक योजनालाई परिभाषित गरेको "गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र



Scanned with CamScanner

उद्देश्यहरु हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख कृयाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको" भन्ने भावना अन्तर्गत रही सम्मी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नु रहेको छ ।

कार्यक्षेत्रगत शर्तहरु (TOR)मा उल्लेख भए अनुसार यस आवधिक योजना तर्जुमा अध्ययनको उद्देश्य निम्नानुसार छन:

क) स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा निर्दिष्ट प्रावधान अन्तर्गत आवधिक योजना तर्जुमा निर्देशिका तथा श.वि.त.भ.नि.वि.का आधिकारिक निकायद्वारा निर्देशित सम्मी गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने ।

ख) सम्सी गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच प्रस्तुतीकरण र गुरुयोजनाको तर्जुमा गर्ने ।

ग) सम्सी गाउँपालिकाको सर्वाङ्गिण विकासको उद्देश्य लिएको यस आवधिक योजनाअर्न्तगत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरु (Stakeholders) को पहिचानलाई समेत समेटी अल्पकालीन, दीर्घकालीन एवं सहभागितामूलक योजना तथा लगानी तयार गर्ने ।

## १.६ सीमा

आवधिक योजनामा समावेश हुने कतिपय विषयहरु कानुनी रुपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने हुनाले नगरपालिकाकोपूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरुमा सम्सी गाउँपालिकाले पथ प्रर्दशन मात्र गर्न सक्छ । त्यसैले सम्सी गाउँपालिकाको पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरुका सन्दर्भमा आवधिक योजना विस्तृत रुपमा तयार गर्न सकिन्छ । त्यस अनुरुप वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनगर्नुपर्छ । तर सम्सी गाउँपालिकाको विकास कार्यक्रममा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघ संस्था र निजी क्षेत्रका कार्यक्रमका साथै जिल्लास्तर, प्रदेश, केन्द्र तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरुलाई सम्सी गाउँपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी निर्देशित मात्र गर्न सक्दछ । सम्सी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा क्षेत्रगत विकासका लागि राष्ट्रिय रुपमा तयार गरिएका दीर्घकालिन योजना तथा राष्ट्रिय नीतिहरुसँग तादाम्यता कायम गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार निम्नानुसारका क्षेत्रका कामहरु पालिकाहरुले अनिवार्य रुपमा गर्नुपर्ने गरी आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरेको पाइन्छ :(क) अर्थ, (ख) भौतिक विकास, (ग) जलश्रोत, वातावरण र सरसफाई, (घ) शिक्षा तथा खेलकुद विकास, (ङ) संस्कृति, (च)



Scanned with CamScanner

निर्माण तथा यातायात, (छ) स्वास्थ्य सेवा र संक्रामक रोग नियन्त्रण, (ज) समाज कल्याण, (झ) उधोग तथा पर्यटन, तथा (ञ) विविध ।

सम्मी गाउँपालिकाको गर्ने उपरोक्त कार्यहरुलाई आधार मानी आवधिक योजनामा यी सबै पक्षहरु समावेश हुनुपर्छ । सम्मी गाउँपालिकाको आवधिक योजना नगरपालिका क्षेत्रको विकासका समग्र पक्षहरुलाई समेटेको हुनुपर्दछ ।त्यसैले स्थानगत (Spatial) योजनाको विशेषताहरुलाई समेटी तयार गरिएको बहुविषयगत आवधिक योजनाको एकीकृत स्वरुपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्नेतर्फ अग्रसर रहनुपर्दछ ।

यस अध्ययन कार्यले प्रस्तुत गर्ने दस्तावेजहरुनिम्नानुसार छन् :

- गाउँपालिकाको पार्श्वचित्र,
- समस्या/सवालहरु तथा चुनौती/अवसरको पहिचान एवं विश्लेषण,
- गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप भौतिक विकास गुरुयोजना तर्जुमा,
- भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तिय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरुसंग संवद्ध विषयतगत दीर्घकालीनसोच अनुरुप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उदेश्य, नतिजा तथा कार्यक्रमहरुको पहिचान,
- वहुक्षेत्रगत लगानी योजना र
- कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन ।

### १.७ अध्ययन विधि

आवधिक योजना तयार गर्दा अपनाईने विस्तृत प्रक्रियाको चित्रांकन चित्र नं. १.१ मा प्रस्तुत गरिएको छ



Scanned with CamScanner




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

## १.८ कार्य प्रगति विवरण

तथ्याङ्क तथा विविध सूचनाहरुको श्रोतको प्रारम्भिक अवस्था तथा आवधिक योजना तर्जुमाको कार्य थालनी भएको सूचना प्रसारीत गर्ने उदेश्यले मिति २०७६ साल फागुन ७, ८, ९ गते सम्म अध्ययन टोलीका (कन्सल्टेन्ट) विज्ञहरुवाट स्थलगत भ्रमण भएको थियो । उक्त स्थलगत भ्रमणको अवधिमा आवधिक योजना टोलीले निम्न कार्यहरु सम्पन्न गरेको थियो ।

### १.८.१ आधिकारिक व्यक्तित्वहरु संगको भेट

मिति २०७६ फागुन महिनामा सम्सी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृत ज्यूसंग भेटी कार्य थालनी तथा परिचयात्मक कार्य सम्पन्न गरियो । सोही दिन प्रमुख



Scanned with CamScanner

प्रशासकिय अधिकृतज्यूको अग्रसरतामा गाउँपालिकाका विभिन्न कर्मचारीहरुसंग आवधिक योजनासंग सम्बन्धित कार्यगत योजनाको प्रकृया सम्बन्धमा एउटा अनौपचारिक छलफल कार्यक्रमको आयोजना सम्पन्न गरियो । आवधिक योजनाको कार्यहरु समयमै गर्ने र आवश्यक सहयोग तथा सल्लाह गर्ने हेतुले गाउँपालिका योजना अधिकृतलाई focal Person नियुक्त गर्ने कार्य प्रमुख प्रशासकिय अधिकृतबाट सम्पन्न गरीयो ।

सोही दिन आवश्यक पर्ने सुचना गाउँपालीकाको बिभिन्न शाखाहरुबाट लिने काम भयो । साथै तथ्याङ्क संकलन गर्नको लागि आवश्यक पर्ने चिठ्ठीपत्रसहित द्वितीय स्तर संकलन कार्यको लागि अन्य जिल्ला स्थित कार्यालयमा सम्पर्क राखी तथ्याक संकलन कार्य अगाडी बढाइयो ।

**१.८.२अभिमुखिकरण प्रस्तुती**

मिति २०७६ साल फागुन २३ गते अभिमुखिकरण प्रस्तुती गाउपालिकाको हलमा दिनको ८ बजे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, जनप्रतिनिधीहरु र कर्मचारीहरुको उपस्थितिमा आवधिक योजनाको परिचय, उदेश्य लगायत तर्जुमा प्रकृया सम्बन्धमा अध्ययन टोलीका तर्फबाट एउटा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।

**१.८.३ जनशक्ति व्यवस्थापन**

कन्सल्टेन्ट अध्ययन टोलीको तर्फबाट २०७६/११/२४ गतेका दिन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत तथा अन्य कर्मचारीहरुको बिचमा आवधिक योजना सम्वन्धी छलफल गरी आवधिक योजना प्रत्येक्ष रुपले संलग्न हुने गरी गाउँपालिकाका कर्मचारी समेतबाट प्रतिवद्धता प्राप्त भयो । आवधिक योजनाको लागि आवश्यक तथ्यांक संकलन गर्न विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरुलाई पत्राचार गरियो ।

मिति: २०७६/११/२५ गतेका दिन सम्सी गाउँपालिकाको आवधिक **योजना तर्जुमाको लागि योजना** टोली गठन गर्न यसै गाउँपालिकाका प्रमुख एवं प्रशासकिय अधिकृत **श्री रामजी जोशी ज्यू को** संयोजकत्वमा बैठक बाट योजना टोली समेत गठन गर्ने कार्य सम्पन्न गरियो ।

मिति: २०७६/११/२५ गतेका दिन गाउँपालिकाको पाँच बर्षे आवधिक **योजना** तयारीको निर्देशक समिति र विषयगत समितिहरु निम्ननानुसार रहेका छन् ।

**विषयगत समितितर्फ**

**क. भौतिक विकास निर्माण तथा यातायात समिति**

| क.सं. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | मो.शेख फारुक | सयोजक | अध्यक्ष |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २ | अजय कुमार यादव | सदस्य | ४ नं वडा अध्यक्ष |
| ३ | | सदस्य | कार्यपालिका सदस्य |
| ४ | श्री रामजी जोशी | सदस्य सचिव | प्रमुख प्रशासकिय अधिकृत |

**ख शिक्षा तथा खेलकुद विकाससमिति**

| क्र.सं. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामजी जोशी | संयोजक | प्रमुख प्रशासकिय अधिकृत |
| २ | पन्नु राय यादव | सदस्य | ५ नं वडा अध्यक्ष |

**ग आर्थिक विकाससमिति**

| क्र.सं. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री नगीना देवी यादव | संयोजक | उपाध्यक्ष |
| २ | ओम प्रकाश साह | सदस्य | उधोग वाणीज्य सँघ |
| ३ | शेष तकिइमा | सदस्य | ३ नँ वडा अध्यक्ष |
| ४ | श्री रामजी जोशी | सदस्य सचिव | प्रमुख प्रशासकिय अधिकृत |

**घ संस्कृति, समाज कल्याण, उद्योग तथा पर्यटन विकास समिति**

| क्र.सं. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | नगीना देवी यादव | संयोजक | उपाध्यक्ष |
| २ | | सदस्य | कार्यपालीका सदस्य |
| ३ | | सदस्य | वडा सदस्य |
| ४ | श्री रामजी जोशी | सदस्य सचिव | प्रमुख प्रशासकिय अधिकृत |

**ङ जलश्रोत,वातावरण तथा सरसफाई समिति**

| क्र.सं. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामजी जोशी | संयोजक | प्रमुख प्रशासकिय अधिकृत |
| २ | | सदस्य | कृषि शाखा प्रमुख |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | शेष मकुशुद आलम | सदस्य | २ नं वडा अध्यक्ष |
| ४ | | सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख |

### १.८.४ सहमती तथा निर्णय पुस्तिका

#### १.८.४.१ निर्देशक समिति गठन तथा पूर्णता

मिति २०७६/११/२५ गतेका दिन सम्सी गाउँपालिकाको जन प्रतितिधी, कर्मचारी, कन्सल्टेन्ट (योजना टोलि), राजनैतिक पार्टी, सरकारी कार्यालयको प्रतिनिधि लगाएत गाउँका भद्र भलादमीको उपस्थितिले आवधिक योजना निर्माणको लागि गाउँपालिकाका अध्यक्ष प्रमुख श्री मो. शेख फारुकको संयोजकत्वमा ५ सदसीय निर्देशक समिति गठन गऱ्यो । सो भेलामा जम्मा ४० जनाको उपस्थिति रहेको थियो । सो भेलामा सहभागी हुन नसकेका सरोकारवालाहरुलाई समेत निर्देशक समितिमा समावेश गरिएको थियो । भेलाका सहभागीहरुको नामावली र निर्देशक समितिको स्वरुप तथा नामावली विवरणको माईन्युट प्रतिलिपि अनुसुची मा राखिएको छ ।

### १.८.५ वडा भेला

आवधिक योजना तर्जुमा कार्यको सिलसिलामा वडाभेलाको समेत आवश्यकता पर्ने भएकोले ०७६/११/२६ गतेका दिन सम्सी गाउँपालिकाका वडा अधयक्ष, सचिव तथा नगर संयन्त्र प्रतिनिधीज्यूहरुको अध्यक्षतामा वडा भेलाहरु सम्पन्न गरियो । वडा भेलावाट प्राप्त भएका सुचना तथा आवश्यकताहरुलाई विषयगत समितिमा छलफल गरी कार्यक्रममा समावेश गरिएको छ । वडा भेलावाट आएका आवश्यकता पहिचानहरु अनुसुचीमा समावेश गरिएको छ ।

### १.८.६ "दिर्घकालिन सोच निर्धारण"

"दिर्घकालिन सोच" निर्धरण सम्सी गाउँपालिका प्रमुख एवं अधिकृत ज्यूको अध्यक्षतामा संञ्चालन गरिएको थियो । यस वृहत छलफल गर्न वुद्धिजिवी, समाजसेवी राजनैतिक दलका प्रतिनिधि, उद्योगी, व्यापारी, विभिन्न कार्यलयमा प्रमुख तथा प्रतिनिधि, नागरीक समाज लगाएत वडाका प्रतिनिधि र सर्वसाधरणको समेत उपस्थितिमा निर्धरण गरियो ।

सम्सी गाउँपालिकाको दिर्घकालिन सोच ***पर्यावरण संरक्षण गरी कृषि, पर्यटन र शिक्षा तथा सामाजिक विकास एवं मानव विकास तथा भौतीक विकास हाम्रो अभियान*** निर्धारण गरिएको थियो । दिर्घकालिन सोच पुरा गर्नको लागी यसका अग्रणी क्षेत्र कृषि, पर्यटन, शिक्षा,उद्योगको विकासलाई प्रमुखता दिने निर्णय गरियो । प्रत्येक अग्रणीक्षेत्रको आधारमा सहायक क्षेत्र प्रमाणित गर्ने आधार, सबल र दुर्वल पक्ष साथै अवसरहरु र चुनौतिहरु समेतको पहिचान गर्न विभिन्न समुह विभाजन गरी प्रस्तुतीकरण गरी सम्पन्न भएको थियो ।



Scanned with CamScanner

### १.९ अग्रणी क्षेत्रहरुको पहिचान

(क) विभिन्न विषयगत योजना तर्जुमा समितिका सदस्यहरु, निर्देशक समितिका सदस्यहरु, विज्ञ टोली, योजना टोली, वडा सचिव एवं शाखा प्रमुखहरुको उपस्थितिमा आयोजित छलफलमा हाल सम्म प्राप्त भएको तथ्याङ्क विवरण प्रस्तुत भई छलफल हुनाका साथै अग्रणीक्षेत्र कृषि (Agriculture), पर्यटन (Tourism), उद्योग (Industry)लगायत क्षेत्रपहिचानको लागि समूह निर्माण गरियो ।

(ख) गाउँपालिकाको अध्यक्षतामा विज्ञ टोली एवं योजना टोलीको बैठक बसी प्रस्तुत भएको समूहगत अग्रणी क्षेत्रको विवरण र नगरस्तरीय योजनाको सम्बन्धमा बृहत् छलफल गरी प्रस्तुत गरिएका अग्रणी क्षेत्र, सहायक क्षेत्र, प्रमाणित गर्ने आधार, सबल र दुर्वल पक्ष समेतको अध्ययन भई निम्नानुसारका अग्रणी क्षेत्र पहिचान गरी आवधिक योजनाको कार्यक्रम परिलक्षित गर्ने र गाउँपालिका स्तरीय योजना समेत स्तरीकृत गर्ने निर्णय गरियो :

**अग्रणी क्षेत्रहरु :कृषि, पर्यटन, उद्योग**

### १.१० समस्या, सम्भावना, चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

(क) सम्मी गाउँपालिकाका ७ वटै वडाहरुमा विभिन्न सरोकारवालाहरु, सामुदायिक विकास संस्थाहरु, प्रतिष्ठित व्यक्ति, दलित, महिला, जस्ता सीमान्तकृत वर्ग लगायत स्थानीय समाजसेवीहरुको सहभागितामा वडा स्तरीय भेलाको आयोजना गरी समस्या पहिचान एवं वडा स्तरीय योजना छनौट सम्पन्न गरिएको छ ।

(ख) विषयगत क्षेत्रहरुसँग सम्वद्ध समस्या, सवाल र चुनौती/अवसरहरुका विषयमा विभिन्न समयमा सम्वन्धित विषयगत समितिहरुमा छलफल गरिएको थियो ।

### १.११ लगफ्रेममा आधारित प्रारम्भिक योजना तथा कार्यक्रमको पहिचान, छनौट एवं लागत अनुमान

(क)लगफ्रेम वा तर्कवद्ध प्रणाली(Logical/Log Framework) मा आधारित विषयगत क्षेत्रका विकास योजनाहरु तथा बहुक्षेत्रगत लगानी कार्यक्रम (MSIP: Mutil-Sectoral Investment Program) सम्वन्धित उप-समितिहरु र निर्देशक समितिमा प्रस्तुतिकरण तथा सुझावहरु संकलन गरिएको छ । यस अनुसार निम्न योजनाहरु तथा तिनसँग सम्वन्धित कार्यक्रमको पहिचान गरिएको छ:

- भौतिक पूर्वाधार विकास योजना
- वातावरणीय व्यवस्थापन योजना
- सामाजिक विकास योजना



Scanned with CamScanner

- आर्थिक विकास योजना
- संस्थागत विकास योजना
- वित्तिय विकास योजना
- जोखिम व्यवस्थापन योजना

विषयगत क्षेत्रका विकास योजनाहरु तथा बहुक्षेत्रगत लगानी कार्यक्रमको मस्यौदा उपर विज्ञ टोली एवं योजना टोली सदस्यहरुको सहभागितामा संभाव्य योजना/कार्यक्रमहरुको छनौट तथा लागत अनुमान तयार पारिएको छ।

(ख) भौतिक विकास योजना अन्तर्गत निम्न योजनाहरु समाविष्ट छन्:

- शहरी विस्तार क्षेत्र
- भू-उपयोग क्षेत्र
- जग्गा विकास योजना

**१.१२आवधिक योजनाको दस्तावेज तयारी**

आवधिक योजना टोलीबाट प्रस्तावका रुपमा तयार भएको विषयगत उद्देश्य हासिल गर्न लगफ्रेममा आधारित विषयगत योजनाहरु, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीतिहरुलाई सहभागितात्मक अन्तिम कार्यशालामा प्रस्तुत गरी प्राप्त सुझावहरुको आधारमा मस्यौदा प्रतिवेदनलाई परिष्कृत गरी अन्तिम प्रतिवेदन तयार पारिन्छ ।अन्तिम कार्यशालाबाट योजनाका लागि थप सुझाव प्राप्त हुनुका साथै योजना कार्यान्वयनको लागि अपनत्वको भावना (Ownership)पैदा भई सामूहिक प्रतिवद्धता समेत प्राप्त हुने अपेक्षा राख्न सकिन्छ।

**१.१३ आवधिक योजनाको स्वीकृति, कार्यान्वयन (वार्षिक योजना तर्जुमा) एवं मध्यावधि मूल्यांकन**

(क) परार्मश दाताबाट प्राप्त आवधिक योजनाको अन्तिम प्रतिवेदन गाउँपालिका को लागि आवधिक योजनाको मस्यौदा हुन्छ जसलाइ गाउँपालिकाको गाउँ सभामा आवश्यक छलफल गरी स्वीकृत गर्ने प्रावधान छ।

(ख) आवधिक योजना तयार भैसकेपछि त्यसको आधारमा वार्षिक योजना तयार गरी कार्यान्वयन गर्दै जानु पर्दछ। योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजनालाई वार्षिक योजनामा समावेश गर्न निम्नानुसार गर्नुपर्दछ:

(१) <u>आवधिक र वार्षिक योजना बीचको तालमेल</u>

आवधिक योजनाले लक्षित गरेका सूचकहरु प्राप्त गर्न सोही अनुसारको वार्षिक योजना तथा कार्यक्रम तयार गर्नुपर्दछ । यसको लागि आवधिक योजनामा उल्लेख गरिएका मुख्य मुख्य



Scanned with CamScanner

योजना तथा कार्यक्रमलाई आधार मान्नुपर्दछ। वार्षिक कार्यक्रम तयार गर्दा आवधिक योजनाले अङ्गीकार गरेको अग्रणी क्षेत्रलाई अनुशरण गर्नुपर्दछ।

(२) <u>विस्तृत सम्भाव्यता अध्ययन</u>

आवधिक योजना अवधिमा संचालन गरिने योजना तथा कार्यक्रमहरुको छनौट गर्ने, तिनको लागत अनुमान तयार गर्ने र ती योजनाहरु गाउँपालिका क्षेत्रमा संचालन गर्न सकिने नसकिने विषयमा प्रारम्भिक सम्भाव्यता अध्ययन समेतको कार्य आवधिक योजना तयारीकै क्रममा गठित योजना टोलीबाट गरिसकिएको हुन्छ। ती योजनाहरुलाई वार्षिक रुपमा गाउँपालिकाको बजेट कार्यक्रममा समावेश गरी सकेपछि कार्यान्वयनको तयारी गर्नुपर्दछ। कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने क्रममा ठूला योजनाहरुको हकमा विस्तृत संभाव्यता अध्ययन नै गर्नुपर्दछ जसको लागि प्राविधिक उपयुक्तता र राजनीतिक प्रतिबद्धताका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ११३ गरिएको व्यवस्थालाई मध्य नजरमा राख्नु पर्दछ।

(३) <u>लागत अनुमान तयारी</u>

वार्षिक योजनामा समावेश भएका आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने चरणमा ती आयोजनाहरुको संभाव्यता अध्ययन समेत भइसकेपछि विस्तृत लागत अनुमान तयार गर्नुपर्दछ। यसको लागि नक्सा र डिजाइन बनाई जिल्लाको स्वीकृत दररेटलाई आधार मान्नुपर्ने हुन्छ। सार्वजनिक निर्माण निर्देशिकालाई पनि उपयोग ल्याउनुपर्दछ। लागत अनुमान तयार गरेर स्थानीय निकाय(आर्थिक प्रशासन) सम्बन्धी नियमालवली ले तोकेको अधिकारीबाट स्वीकृत भए पश्चात् योजनाको कार्यान्वयन प्रक्रिया प्रारम्भ हुन्छ।

(४) <u>वार्षिक योजना</u>

गाउँपालिकाले वार्षिक योजना तयार गर्दा आवधिक योजनाले निर्धारण गरेको सीमा भन्दा बाहिर जानु हुँदैन। आयोजना/कार्यक्रम संचालन गर्न गाउँपालिकाले वार्षिक बजेट पारित गरेर मात्र पुग्दैन। आयोजना/कार्यक्रमहरु संचालन गर्न कुन समयबाट सुरु गर्ने हो ? के के कृयाकलापहरु कुन समयावधि भित्र सम्पन्न गरिने हो सो विषयहरु स्पष्ट हुने गरी कार्य योजना बनाउनुपर्दछ। आयोजना संचालन गर्दा कार्य योजना अनुसार खर्च हुने रकमको विवरण आर्थिक प्रशासन प्रमुखलाई उपलब्ध गराउनु पर्दछ। यसैगरी आयोजना/ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाहरुले नगद प्रवाह विवरण तयार गरी खर्च र आम्दानीलाई स्पष्ट गरी राख्नुपर्दछ।

(५) <u>योजना संचालन तथा मर्मत संभार योजना</u>

योजनाको संचालन पूर्व गरिनुपर्ने संभाव्यता अध्ययन , लागत अनुमान तयारी , कार्य योजना र नगद प्रवाह समेतका कार्यहरु गरिसकेपछि लागत अनुमान अधिकार प्राप्त अधिकारी(कार्यकारी अधिकृत/प्रमुख/नगरपालिका बोर्ड) बाट स्वीकृत गराई ठेक्का, अमानत, उपभोक्ता, गैसस आदिबाट उपयुक्त योजनाहरु संचालन गर्नुपर्दछ। योजना संचालनको कार्य योजना तयार गर्दाकै वखत उक्त योजना सम्पन्न गरिसकेपछि गरिने मर्मत संभारको पनि कार्य योजना तयार गर्नुपर्दछ।

ग) नियमित रुपमा गरिने आयोजनाको अनुगमन र मूल्याङ्कनको अतिरिक्त मध्यावधि मूल्याङ्कन हुनु ावश्यक छ। आवधिक योजनाको कार्यान्वयन भएपछि समग्ररुपमा आवधिक योजनाले भौतिक, ामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणीय आदि विविध पक्षमा परेको असर र प्रभावहरुको बारेमा वतन्त्र रुपमा मध्यावधि मूल्यांकन गर्नुपर्दछ किनकि आवधिक योजनाको बाँकी आवधिलाई कसरी

अगाडी बढाउने भन्ने सन्दर्भमा मध्यावधि मूल्याङ्कनले मार्गनिर्देश गर्न सहयोग पुऱ्याउछ । त्यसैले आवधिक योजना कार्यान्वयनको सामान्यतया तेस्रो वर्षमा स्वतन्त्र पेशाविद् र मूल्याङ्कनकर्ता समेत रहेको टोलीबाट मध्यावधि मूल्याङ्कन गराइनुपर्दछ । मध्यावधि मूल्याङ्कनको कार्यटोली निर्धारण गर्ने र जिम्मेवारी दिने कार्य सम्बन्धित नगरपालिकाले तय गर्नुपर्दछ ।

(घ) योजना तर्जुमा भन्दा योजनाको कार्यान्वयन धेरै कठिन हुन्छ । योजना तर्जुमा अवधिमा निर्धारण भएका कुराहरु व्यवहारमा परिणत गर्दा कठिनाई र अवरोधहरु देखिन सक्छन् । त्यसैले आइपर्ने बाधा अड्चन फुकाउने देहाय बमोजिमका ऐन नियमको सहयोग लिनु पर्दछ:

- स्थानिय सरकार सन्चालन ऐन, २०७४
- स्थानीय स्वायत्त शासन ऐन,२०५५
- स्थानीय स्वायत्त शासन नियमावली , २०५६
- स्थानीय निकाय(आर्थिक प्रशासन) नियमावली, २०५६
- नगर विकास ऐन,२०४५
- वातावरण संरक्षण ऐन,२०५३
- वातावरण संरक्षण नियमावली, २०५४

वाधा अड्चन फुकाउने क्रममा आवधिक योजनालाई संशोधन र परिमार्जन गर्नुपर्ने अवस्था आउन सक्दछ । त्यसैले संशोधन तथा परिमार्जन गर्नको लागि नगरपालिकाले महशुस गरेमा पेशाविद् र विशेषज्ञहरुको टोलीद्वारा संशोधन तथा परिमार्जन गरी संघियमामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालयका साथै राष्ट्रिय योजना आयोगमा पठाउनुपर्नेछ । त्यसबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरी संशोधित तथा परिमार्जित आवधिक योजना तयार गरी नगर परिषद्बाट स्वीकृत गराउनुपर्दछ ।



Scanned with CamScanner

# खण्ड २ : गाउँपालिकाको वस्तुस्थिति विवरण

## २.१ गाउँपालिकाको चित्रण



## २.२ भौगोलिक अवस्थित

प्रदेश नम्बर २ अन्तगर्त महोत्तरी जिल्लाको सदरमुकामबाट २७ किलोमिटर दूरीमा अवस्थित यस गाउँपालिका २१ दशमलव ५७ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा रामगोपालपुर नगरपालिका, पश्चिममा सोनाम गाउँपालिका, उत्तरमा औरही नगरपालिका र दक्षिणमा भारतको बिहार प्रदेश रहेका छन् । कुल ३३ हजार ७ सय ९१ जनसंख्याको बसोबास रहेको यो गाउँपालिका नेपालकै एक सम्भावनायुक्त स्थानीय तहका रुपमा रहेको छ ।

## २.३ ऐतिहासिक चिनारी तथा नामाकरण

ऐतिहासिक र सांस्कृतिक सम्पदा होस् वा आर्थिक पयर्टकीय सम्भावना । सम्सी गाउँपालिकाको सम्भावना अथाह छ । विगतमा एकात्मक शासन व्यवस्थाका कारण जनअपेक्षा अनुसार पूरा हुन नसकेका कामहरु निर्वाचित स्थानीय सरकारको अगुवाईमा धमाधम हुँदैछन् । गाउँपालिकाले तय गरेको लक्ष्य कार्यान्वयन गराउनका लागि सबै जना लागि पर्ने हो भने अबको केही वर्षमै पाल्हीनन्दन नेपालकै नमूना गाउँपालिका बन्न सक्नेछ ।

यस गाउँपालिकाभित्रको धार्मिक सहिष्णुता सर्वत्र प्रसंशनीय छ । हिन्दू र मुस्लिम समुदायका बहुसंख्यक नागरिकको बसोबास रहेको सम्सी गाउँपालिकामा मन्दिर र मस्जिदको सामाजिक अन्तरघुलन अनुकरणीय छ । धार्मिक सामाजिक कुरिती र जनचेतनाको अभावनमा हुर्किएका रुढीवादी परम्परालाई बिस्तारै परिवर्तन गर्दै लगिएको छ । कुरीतिको अन्त्य र धार्मिक सहिष्णुताको उदाहरण स्थापित गरेमा सम्सी गाउँपालिका सामाजिक सद्भावकै लागि पनि सर्वत्र प्रसिद्ध हुनेछ ।

यस गाउँपालिकामा विभिन्न धार्मिक एवं सांस्कृतिक सम्पदाका क्षेत्रहरु आन्तरिक पर्यटन प्रवर्धनका लागि उपयोगी छन् । गाउँपालिकाभित्रका सबै पयर्टकीय महत्वका क्षेत्रबारे प्रचार प्रसार गरि पर्यटन प्रवर्धन गर्ने स्थानीय



Scanned with CamScanner

सरकारको लक्ष्य कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ। चाडपर्वहरु मानिसको संस्कृतिसँग सम्बन्धित छन्। यिनीहरुको परम्परा निकै लामो हुने गर्दछ। चाडपर्व जाति विशेष र धर्म विशेष पनि हुने गर्दछन्। धार्मिक रुपमा इद र बकर इद तथा सव्य वरात, मोहम्मद डे, मोहर्रम इश्लाम धर्म हुन। यसैगरि दशै, तिहार, कृष्णअष्टमी, चैतेदर्श शवरात्री र फगुपुर्णिमा, छठ, सलहेस आदि हिन्दु धर्मसँग सम्बन्धित छन्।

## २.४ राजनीतिक अवस्थित

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको संघीय शासन प्रणालीलाई प्रभावकारी कार्यान्वयनमा लैजान तत्कालीन सम्सी, पर्शादेवार, गैढा भेट, लक्ष्मीनिया बैरगिया तथा संग्रामपुर पोखरभिन्डा गरी जम्मा ५ वटा गा.वि.सहरु मिलाइएर सम्सी गाउँपालिकाको स्थापना गरिएको हो।

**तालिका नं १**

साबिक को वडा नं. र गा.वि.स हाल कुन कुन वाड बनेको हो खोज्ने।

| साविक गाउँ विकास समितिहरु | एकिकृत भएका वडाहरुको संख्या | हालको वडा नं. |
|---|---|---|
| सम्सी | १-९ सम्म | ६,७ |
| पर्शादिवार | १-९ सम्म | १,२ |
| गैढा भेटपुर | १-९ सम्म | ४ |
| लक्ष्मीनिया बैरगयिा | १-९ सम्म | ३ |
| संग्रामपुर पाखरभिन्डा | १-९ सम्म | ५ |
| जम्मा गाभिएका गा.वि.स.कृ संख्या :५ | जम्मा गाभिएका वार्ड संख्या :४५ | कायम हुन आएका वार्ड संख्या :७ |

## २.५ धरातलीय अवस्था

समथल धरातल अवस्था रहेको छ समुन्द्र सतह देखी २६ डिग्री ८० मिनेट उत्तरी अक्षांश देखी ८५ डिग्री ७१ मिनेट पूर्वामा फैलिएको छ। दक्षिणमा भारतीय सिमाना पूर्वमा रामगोपालपुर नगरपालिका, पश्चिममा सोनाम गाउँपालिका, उत्तरमा औरही नगरपालिका रहेका छन्। वार्ड नं १ मा पानी जम्ने अवस्था रहेको साथै वार्ड नं ३ मा समेत डुवान क्षेत्र रहेको छ। यसै गरी दक्षिण तर्फ को विभिन्न क्षेत्रमा डुवान संग सम्वन्धित समस्या रहेको छ। धरातलिय रुपमा सम्सी गाउँपालिकाको सबै क्षेत्र तराई र मधेशको समथर भूभाग अन्तर्गत रहेको देखिन्छ। नदी किनारा लगायत कतिपय स्थानमा पानी निकासका कारण बनेका सामान्य खालका खोल्सा वाहेक यस क्षेत्रको सबै जमिन समथर रहेको छ।



Scanned with CamScanner

## २.६ प्राकृतिक सम्पदा र भूउपयोग

सम्मी गाउँपालिका पूर्व पश्चिम राजमार्ग भन्दा निकै नै दक्षिणमा रहेकोले यहां वन जंगल छैन । यहांको करिब ९९ प्रतिशत भूभाग खेतियोग्य मलिलो भूभाग छ । आँप खेती तथा अन्य बगैचाले यहांको ०.१७ प्रतिशत भूभाग ओगटेको छ । विस्तृत विवरण तालिमा दिइएको छ ।

**बनस्पति तथा जडीबुटी :**

यस गाउँ पालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीहरुमा हर्रो, बर्रो, अमला, टिमुर सजिवन, कुरिलो गुर्जो, बोझो, पिपला, रिठ्ठा, भ्याकुर लप्सी, बेल आदि हुन । तर यी जडिबुटीको व्यवसायीक प्रयोजनको हिसावले प्रयोग भएको भने पाइदैन । केबल घरायसी प्रयोगमा मात्र ल्याउने गरेको पाइन्छ ।

**बन्यजन्तु :**

तराईको जंगल भएकोले यस गाउँपालिका भित्र पाइने मुख्य जनवारहरुमा पाटेबाघ, चितुवा, भालु , बँदेल, दुम्सी खरायो, स्याल रतुवा मृग, लंगु बाँदर, जंगली विरालो, हात्ति गैडा, निलगाई, बाह्रसिगा आदि छने भने चराचुरुङ्गिहरुमा काग परेवा चिवे, कालिज, लाटोकोसेरा, भंगेरा, मैना सुगा बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल गिद्ध, बनकुखुरा, राजहाँस र मयुर जस्ता पंक्षि पाइन्छन् ।
गोहोरो, गोही अजिङ्गर, सर्प, छेपारो माउसुली जस्ता सरिसृप, भ्याकुतो जस्ता उभयचर विच्छी, फट्यांग्रा, बनमौरी, अरिङ्गाल, वारुलो र विभिन्न जातका अन्य किराहरु पाइन्छन् । खोलाहरुमा अन्य जलचरको अतिरिक्त सहर माछा समेत पाइन्छ ।

*तालिका २: भूउपयोगको अवस्था*

| क.स | भूमिको प्रकार | क्षेत्रफल (वर्ग कि.मीमा) | प्रतिशत |
|---|---|---|---|
| १ | खालि जमिन | ०.०० | ०.०१ |
| २ | खेती गरिएको जमिन | ५४.२० | ९८.९५ |
| ३ | बगैचा | ०.०९ | ०.१७ |
| ४ | पोखरी तथा ताल | ०.०४ | ०.०८ |
| ५ | बगर | ०.०५ | ०.०९ |
| ६ | खेला नाला | ०.३९ | ०.७१ |
| | जम्मा | ५४.७८ | १०० |



Scanned with CamScanner

### २.७ सांस्कृतिक अवस्था

हिन्दू तथा मुस्लिम समुदायको बसोबास रहेको यस क्षेत्रमा मधेसी समुदायको जनसंख्या उच्च रहेको छ। विभिन्न जातजाती समुदायबिचको सहिष्णुता र सांस्कृतिक सद्भाव रही आएको छ। सांस्कृतिक सम्पदाका रुपमा दुर्गा मन्दिर लगायत जानकी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, ठिहवार थान, ब्रह्मस्थान र मस्जिद पनी रहेका छन्। यस क्षेत्रमा दुर्गा मेला, रामजानकी मेला, शीतलाष्टमी, कृष्णजन्माष्टमी जस्ता मेलाहरु मुख्य रुपमा रहेका छन्। यस सम्बन्धि थप विवरण परिच्छेद ४ मा प्रस्तुत गरिएको छ।

### २.८ मानव विकास सूचाङ्क, औसत आय र गरिबी

मानव विकासको अवस्था, आम्दानी र गरिबी सम्बन्धमा नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा गरिबिको लघु क्षेत्र अनुमान २०६८ मा महोत्तरी जिल्लाको सन्दर्भमा औल्याइएका तथ्यहरुलाई यस गाउँपालिकाको हकमा पनी सामान्यीकरण गरिएको छ। नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार महोत्तरी जिल्ला मानव विकास सूचाङ्कका दृष्टिकोणले तत्कालिन ७५ जिल्लाहरु मध्ये ६७ औं स्थानमा पर्दछ। यस जिल्लाको मानव विकास सूचाङ्कको मान ०.४०२ रहेको छ। जस अनुसार औसत आयु ७१.७५ वर्ष, प्रतिव्यक्ति आम्दानी ६८९ अमेरिकी डलर रहेको छ। गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार गरिबीको दर ३४.६ प्रतिशत रहेको देखिन्छ।

### २.३. : जनसंख्याको अवस्था

सम्सी गा .अन्तर्गत पर्सादेवाड गा १ .वडा नं .पा .बि१ .को वडा नं .स .,२,३ र ४ पर्दछ । यस वडाको जनसंख्या २०६८ को जनगणना अनुसार ११,३५४ को आधा भन्दा केहि कम छ।यस वडामा बानेश्वर महादेवको भव्य मन्दिर अवस्थित छ

वडा नं .अन्तर्गत पर्सादेवाड गा २ .बि५ .को वडा नं .स .,६,७,८ र ९ पर्दछ। यस वडाको जनसंख्या २०६८ को जन गणना अनुसार ११,३५४ को आधा भन्दा केही बढी रहेको छ । यस वडामा महोत्तरी जिल्लाकै सबै भन्दा ठुलो मदरेशा अनबारे रेजा अवस्थित छ । यस वडामा एउटा स्वास्थ्य चौकी, एउटा आयुर्वेद औषधालय र एउटा माध्यमिक विद्यालय अवस्थित छ ।

वडा नंअन्तर्गत २ . लक्षमिनिा गादेखि १ .को वडा नं .स .बि .९ सम्म पर्दछ । यस वडाको जनसंख्या २०६८ को जन गणना अनुसार ३,६५०को आधा भन्दा केही बढी रहेको छ । यस वडामा एउटा स्वास्थ्य चौकी, र एउटा आधारभुत विद्यालय अवस्थित छ ।

सम्सी गा .मैढा भेटपुर गा ४ .वडा नं .पा .बिमिलेर बनेको छ। यस ९देखि १ .को वडा नं .स .
९जनसंख्या वडाको कुल,२५० छ । यस वडा अन्तर्गत एउटा मा.बि ., एउटा स्वास्थ्य चौकी अवस्थित छ

सम्सी गापोखरभिन्डा संग्रामपुर ५ .वडा नं .पा . गामिलेर बनेको छ। ९देखि १ .को वडा नं .स .बि .
५यस वडाको कुल जनसंख्या ,२७० छ । यस वडा अन्तर्गत एउटा मा.बि ., एउटा स्वास्थ्य चौकी अवस्थित छ

सम्सी गासम्सी ६ .वडा नं .पा . गा४देखि १ .को वडा नं .स .बि . मिलेर बनेको छ। यस वडाको कुल जनसंख्या ८,२३७ मध्ये आधि जति छ । यस वडा अन्तर्गत धेरै मस्जिदहरु अवस्थित छ

सम्सी गा७ .वडा नं .पा . सम्सी गा५ .को वडा नं .स .बि . देखि ९ मिलेर बनेको छ। यस वडाको कुल जनसंख्या ८,२३७ मध्ये आधि जति छ । यस वडा अन्तर्गत एउटा मा.बि ., एउटा प्राथमिक स्वास्थ्य केन्द्र अवस्थित छ।

### २.३.२ जनघनत्वको अवस्था :

कूल क्षेत्रफल २१.९७ बर्ग किमि रहेको यस गाउँपालिकामा औषत १६०० जना प्रति वर्ग किलोमिटर रहेको देखिन्छ ।

### २.४.४ कृषि

### प्रमुख बालीको उत्पादन लागत तथा प्रतिफल

गाउँपालिकामा विशेष गरी धान, गहुँ, मकै, तोरी, कोदो, मुसुरो, मास, आलु, तेलहन, रहर, चना, अदुवा, आलु, लसुन, प्याज, केराउ, बोडी, भटमास, गहत लगायत विभिन्न तेलहन तथा दलहन, नगदे तथा मसला बाली उत्पादन हुन्छन् । त्यसैगरी फलफूलमा आँप, केरा, मेवा, अम्वा, भुईकटहर, रुखकटहर, लिची, कागती लगायत अन्य यस न.पा.मा फल्ने गर्छन् ।

गाउँपालिकाका ७ वटै वडाहरूको भू-बनौट अध्ययन गर्दा चिम्टाइलो, दोमट, बलौटे र गिर्खायुक्त माटो पाइन्छ । धान, गहू, मकै, जौ, कोदो, तेलहन दलहनजस्ता खाद्यान्न बाली र अदुवा, बेसार लगायत विभिन्न सिजन अनुसारका तरकारीहरू नगदे बालीको रूपमा उत्पादन हुन्छन् । शहरी क्षेत्रभन्दा शहरोन्मुख ग्रामीण वडाहरू धेरै भएकाले अधिकांश नगरबासीको प्रमुख पेशा कृषि उत्पादन नै रहेको पाइन्छ ।
गाउँपालीकाले प्रदेश तथा जिल्लाका सरोकारवाला निकायहरु संग समन्वयन राखी स्थानीय भू-पर्यावरणिय विशिष्ठता, संभाव्यता, उत्पादनको माग र तुलनात्मक लाभको आधारमा कृषि वालिहरुको दिगो रुपमा विकास विस्तार गर्नका लागि घोषित कृषि विकासको निति र उद्देश्य अनुसार कृषिमा विभिधिकरण र व्यवसायिकरण, सन्तुलित वातावरण र गरिवी न्यूनिकरणको नारालाई आत्मासाथ गर्दै कृषकहरु माझ कृषि प्रसार कार्यक्रम संचालन गरी सेवा पुऱ्याउदै आएको छ । जसको फल स्वरुप कृषि उत्पादनमा परिमाणात्मक तथा गुणात्मक वृद्धि ल्याउन तथा कृषक समुदायको उत्थानका लागि मागमा आधारीत उद्देश्य मुल कार्यक्रमहरु, साधन श्रोतको व्यवस्था, वालिनालीको उन्नत उत्पादन सम्वन्धि प्रशिक्षण, तालिम र गोष्ठि जस्ता कार्यक्रमहरु संचालन गरे पश्चात कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा क्रमश वृद्धि भई कृषकको जीवन स्तरमा सुधार हुनुका साथै उनीहरुको परम्परागत मनोभावनामा परिवर्तन आउन थालेको पाइन्छ । कृषि ज्ञान केन्द्रले संचालन गर्दै आएको कार्यक्रमहरु निम्न अनुसार रहेको पाइन्छ ।

- कृषि प्रसार कार्यक्रम
- वालिविकास कार्यक्रम
- माटो व्यवस्थापन कार्यक्रम
- वागवानी विकास कार्यक्रम



Scanned with CamScanner

- विउविजन आत्मनिर्भर
- कृषि प्राविधि प्रसार
- अदुवा बेसार खेती विस्तार
- मौसमी तरकारी उत्पादन क्षेत्र विस्तार
- बेमौसमी तरकारी उत्पादन विस्तार

नेपाल एक कृषि प्रधान देश भएको यथार्थतालाई नकार्न सकिदैन । हाम्रो देशको आर्थिक मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको वृद्धिदरमा अपेक्षित सुधार गरी कृषि पेशामा निर्भर रहेका कृषकहरूको आयस्तरमा वृद्धि गर्नका लागि उन्नत तथा उत्पादनशील प्राविधिक कृषकमाझ पुर्याई कृषि पेशालाई व्यसायिकरण गर्नुपर्ने खाँचो महसुस गरी नेपाल सरकारले २० वर्षे दिर्घकालिन कृषि योजना लागू गरेको छ । कृषि उत्पादनको लागि न.पा.को प्रायजसो ठाउँमा अत्यन्त उर्वर रहेको छ । यस न.पा.भित्रका भू-भागमा चिम्टाइलो, दोमट, बलौटे र गिर्खायुक्त माटो पाइन्छ जुन माटो अन्नबाली उत्पादनको लागि अब्बल मानिन्छ । यस क्षेत्रमा मुख्य गरी धान, गहुँ, मकै, जौ, कोदो, तेलहन र दलहन जस्ता खाद्यान्न बाली उत्पादन गरिन्छ । नगदेबालीको रूपमा अदुवा, हलेदो (बेसार), जुनार, सुन्तला, भुईकटहर, रुखकटहर, आँप, अम्बा लगायत् मौसम अनुसार तरकारीहरू समेत उत्पादन हुन्छन् ।

कृषि क्षेत्रको विकासको सन्दर्भमा राम्रो उत्पादन प्राप्त हुने माटो छ । वर्षाको समयमा आकाशे पानीको भरमा राम्रो धान खेती हुन्छ तर हिउँदको समयमा भने पर्याप्त सिंचाईएको सुविधा प्राप्त नहुँदा उत्पादकत्वमा कमि आउने गर्दछ । यसका अतिरिक्त परपम्परागत खेती प्रणालीको कारणले नयाँ प्रविधिको प्रयोग हुन सकिरहेको छैन । सिंचाइयुक्त जमिनमा पनि बाह्रै महिना सुविधा उपलब्ध हुन सकेको छैन । यद्यपि खाद्यान्न बालीको उत्पादनमा धान सबैभन्दा माथि अर्थात गहुँ दोस्रो स्थानमा छ तर खासगरी पहाडी क्षेत्रमा खाद्यान्नको अभाव यथावत नै छन् । अधिकांश कृषकहरू कृषिमा आश्रित भएपनि यो क्षेत्र समस्यारहित भने छैन ।

**कृषि क्षेत्रमा देखा परेका मुख्य समस्याहरू :**

- निर्वाहमुखी कृषि व्यवसाय,
- परम्परागत खेती प्रणाली,
- परम्परागत साधन र स्रोतको प्रयोग,
- रासायनिक मल तथा विषाधिहरूको अत्यधिक एवं अन्धाधुन्ध प्रयोग,
- माटो परीक्षण, बजारको संभाव्यता अध्ययन विना कृषि उत्पादन,
- विउविजन तथा मलखादको लागि परनिर्भर रहनुपर्ने र
- ग्रामीण क्षेत्रमा ढुवानीको लागि सडक यातायातको व्यवस्था पर्याप्त नहुनु

**२.४.५ पशुपालन**

**पशुजन्य उत्पादनको बजार क्षेत्र**



Scanned with CamScanner

दैनिक उपभोग्य मासु, दुध तथा अण्डाको उत्पादनमा न.पा. सवल रहेको देखिन्छ। वार्षिक रूपमा लोकल कुखुरा, ब्रोइलर कुखुरा र लेयर्स (उब्डाग्नि) कुखुरा उत्पादन हुँदै आएको देखिन्छ। त्यस्तै यस गाउँपालिका क्षेत्रमा दैनिक रुपमा खपत हुने मासु स्वास्थ्य र सुरक्षित तरिकाले उपलब्ध गराउन वध शालाको उचित व्यवस्था हुन सकेको छैन। दैनिक रूपमा राँगा, कुखुरा, वंगुर र खसी खपत हुँदै आएको देखिन्छ भने माछाको व्यापार भने नियमित नभई फिरन्ते व्यापारीले मात्रै विक्री गर्दै आएका छन्। स्वस्थ्य मासु उपलब्ध गराउनको लागि मासु व्यवसायी, किसान, वधशाला सञ्चालक र हाटबजार व्यवस्थापकले समेत सक्रिय रूपमा स्वस्थ्य मासुको सेवा दिन आवश्यक रहेको देखिन्छ।

पशुस्वास्थ्य :

दूध, मासु का लागि पशुपालन गर्ने प्रचलन रहेको छ। पशुपालन व्यवसाय कृषि व्यवसायको शाखा भएकोले यस पेशामा पनि अधिकांश कृषकहरू नै संलग्न छन्। पशुपालन व्यवसाय पनि परम्परागत रूपमै संचालित छन्। यस व्यवसायबाट समुचित लाभ लिनका लागि गरिनुपर्ने अनुसन्धान कार्यहरू, लगानी तथा बजारीकरण पर्याप्त मात्रामा हुन सकेको छैन। अधिंकाश पशुपालकहरू व्यावसायिक भन्दा निर्वाहमुखी र परम्परा धान्ने किसिमबाट पशुपालनमा संलग्न छन्। शहरी क्षेत्रमा मासुको विक्री वितरण गर्न वधशालाहरू व्यवस्थित गराउने प्रयत्न भएता पनि उपलब्धि हासिल हुन सकेको छैन। मासुको लागि प्रयोग हुने जनावरको स्वास्थ्य परीक्षण गर्ने गराउने गरिएको छैन। दुग्ध पर्दार्थको उत्पादनको क्रममा प्रयोग हुने रासायिक पर्दाथहरू प्रयोग गर्दा सावधानी अपनाउने गरिएको छैन। दुग्ध पर्दाथको उत्पादन मिति र उपभोग गर्न मिल्ने मिति उल्लेख नगरिदा जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने देखिन्छ। पशु स्वास्थ्यको क्षेत्रमा देखिएका प्रमुख समस्याहरू निम्न प्रकारका छन् :

- पशु स्वास्थ्य सेवा गाउँ गाउँमा उपलब्ध हुन नसक्नु।
- नश्ल सुधार गरिएका पशुहरूको गुणस्तर राम्रो नहुनु।
- व्यावसायिकताको अवधारणा वस्न नसक्नु।
- पशु छनौट भन्दा संख्यामा ध्यान दिनु।
- पशु वधशाला व्यवस्थित हुन नसक्नु।

पशु पंक्षीको पकेट क्षेत्रको रुपमा यस नगरपालिका पनि अग्रणी देखिएको छ। जस्तै गाई, भैसी, बाख्रा, खसी, वंगुर, कुखुरा, आदी उत्पादन गर्नको लागि अनुकुल भौगोलिक अवस्था र हावापानीले साथ दिएको देखिन्छ।

### २.४.६ उद्योग क्षेत्रको स्थिति

सम्मी गाउँपालिकामा साना तथा घरेलु उद्योगहरु सन्चालनमा रहेको पाईन्छन्। उत्पादक मुलक उद्योगमा फलफूल प्रशोधन, चाउमिन उद्योग, सिरक डसना उद्योग, स्टील ग्रिल उद्योग, सस उद्योग, मसला उद्योग, कपी उद्योग, आदि सञ्चालनमा छन्। सेवा मुलक उद्योगमा राइस मिल, कम्प्युटर इन्स्टीच्युट, होटल संगित पाठशाला, सुनचाँदी पसल, फोटो स्टुडियो, सिलाई, ब्यूटी पार्लर आदि छन्। त्यसैगरी कृषि तथा वन जन्य उद्योगमा पोल्टी फर्म, बास निगालो, गाई पालन फर्म रहेका छन्।



Scanned with CamScanner

### २.४.७ वित्तिय संस्था एवं गतिविधि

सम्सी गाउँपालिकामा निर्धन विकास बैंक, छिमेकी विकासबैंक लगायतका वित्तिय संस्थाहरुले ऋण तथा कर्जाको कारोवार तथा सेवा प्रदान गरिराखेका छन् । त्यस्तै जिल्लामा बचत तथा ऋण, कृषि, उपभोक्ता, बहुउद्देश्य, स्वास्थ्य लगायतका कार्य प्रवृतिका सहकारीहरु सञ्चालनमा छन् ।

### २.४.८ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति

यस गाउँपालिकामा बजार तथा व्यापारिक महत्वका ठाँउहरु प्रशस्तै छन् । सबै स्थानमा सडक र यातायात पुगेको छ त्यस्ता ठाँउहरुमा साना ठूला बजार केन्द्रहरु सञ्चालनमा आएका छन् । यस गाउँपालिकाको सम्पूर्ण वडामा मोटर बाटो पुगेको कारणले ती वडाका मोटर बिसौनी वा बाटोको दाँया बाँया घना आवादीको क्षेत्रमा साना होटल, बजारको विस्तार भई व्यापारिक कारोवार बढ्न थालेको छ । त्यस्ता बजारी क्षेत्रहरुमा आसपासको कृषिजन्य पदार्थहरुको संकलन र किनबेच बढी हुने गरेको छ ।

### २.४.९ अन्य आर्थिक विकासका संभावनाहरु

सम्सी गाउँपालिका क्षेत्रमा आर्थिक विकास गर्न सक्ने प्रशस्त राम्रा अवसरहरू छन् तर लगानिको खाँचो रहेको देखिन्छ । यस नगर लाई शिक्षा र स्वास्थ्य केन्द्रको रूपमा स्थापना गर्न सके यसले शैक्षिक, स्वास्थ्य र आर्थिक स्तर दुवै राम्रो रूपमा हासिल गर्न सक्ने स्थिति छ । विद्यार्थी तथा शिक्षकको चाप बढ्ने वित्तिकै आर्थिक कारोवार उच्च हुने स्थिति छ । यसले पर्यटन, कृषि तथा व्यापार व्यवसाय सबैलाई सकारात्मक वनान देखाउन सक्छ । त्यसैगरी पर्यटनको पनि राम्रो संभावना छ । तराईको संगम स्थल, भौगोलिक स्थिति, हावापानी, यहाँ रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरू साथै यसका आसपासमा रहेका विभिन्न धार्मिक तथा पर्यटकिय महत्वका स्थलहरूले यसको पर्यटकिय सम्भावनाहरूलाई देखाउछ भने यसको विकास गर्न सकिए आन्तरिक तथा बाह्य पर्यटक दुबैलाई आकर्षित गर्न सकिन्छ । हस्तकला तथा सिपमूलक व्यवसायलाई प्रोत्साहन गर्ने हो भने यहाँका गृहिणी तथा निम्न आय भएका जनसंख्याहरूले राम्रै आम्दानी गर्न सक्ने देखिन्छ भने त्यहाँबाट उत्पादन भएको वस्तुलाई अन्य जिल्ला वा वाहिरी देशहरूमा निर्यात गर्न सकिन्छ ।

## २.५ भौतिक तथा सार्वजनिक पूर्वाधार

### २.५.१ सडक तथा यातायात

जिल्ला सदरमुकाम तथा गाउँपालिका सम्सी बाट प्रत्येक वर्डामा सवारी साधनहरु दैनिक रुपमा संचालन हुने गरेका छन् । जिल्लाको यातायात व्यवस्थालाई व्यवस्थित गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय जलेश्वरमा रहेको छ । यसैगरी सडक दुर्घटना, चेतनामुलक कार्यक्रमहरु, आलोपालो सडकको प्रयोग, सडक संकेत तथा साधन चेक जाँच जस्ता महत्वपूर्ण कार्यक्रमहरुको माध्ययमबाट जिल्ला ट्राफिक प्रहरी कार्यालयले काम गरिरहेको छ।

### २.५.२ सन्चार प्रणाली

यस पालिका क्षेत्रमा टेलिफोन, प्रिपेड तथा पोष्टपेड मोबाईल, सि.डि.एम.ए. हुलाक सेवा, रेडिया, टेलिभिजिन, ईमेल, ईन्टरनेट जस्ता संचार माध्यमहरु रहेका छन् । गाउँपालिका भित्र रिपिटर टावर स्थापना गरिएको छ । सबै दैनिक राष्टिय पत्रीका नियमीत प्राप्त हुन्छ र अन्य जिल्लमा पनि प्रकाशित हुन्छन् ।



Scanned with CamScanner

रेडियो र मोबाइल फोन नै यहाँ बसोबास गर्ने बासिन्दाहरुको प्रमुख सञ्चारको माध्यम हो । बजारी क्षेत्र तथा यातायात र विद्युत सुविधा भएको ठाँउ र क्षेत्रहरुमा टेलिभिजन र केवल टि.भी.को पनि प्रयोग गरिएको छ । गाउंपालिकामा रहेका एफ.एम. रेडियो तथा टेलिभिजनहरु तल दिईएको छ ।

### २.५.३ विद्युत तथा वैकल्पिक ऊर्जा विकास स्थिति

यस गाउंपालिकाका सम्पूर्ण वडाहरुमा विद्युतीकरण गरिएको छ । वैकल्पिक उर्जामा सौर्य उर्जा, बायोग्यास र सुधारिएको चुल्हो महत्वपूर्ण मानिन्छन् । सौर्य उर्जा र सुधारिएको चुल्होको प्रयोग गर्नेहरुको संख्या दिन प्रतिदिन बढिरहेको छ ।

### २.५.४ खानेपानी आपूर्ति

गाउँपालिकामा हाते पम्प नै खानेपानीको प्रमुख स्रोत हो । हाते पम्प बाहेका सार्वजनिक धारा, इनार, पनि खानेपानीको स्रोतहरु हुन । सदरमुकाम तथा अन्य बजारी क्षेत्रहरुमा नीजि धाराहरु जडान गरिएका छन् ।

### २.५.५ सिंचाई

यस गाउँपालिकामा विभिन्न साना सिंचाई तथा मर्मत संभार तर्फ कुलो निर्माण तथा मर्मत, प्लाष्टिक पोखरी निर्माण, सिमेन्ट पोखरी निर्माण र स्प्रिंलर सिंचाई, तरकारी खेती, साना सिंचाई तथा मलबीउ ढुवानी कार्यक्रमतर्फ कुलो निर्माण तथा मर्मत, प्लाष्टिक पोखरी निर्माण, सिमेन्ट पोखरी निर्माण लगायतका सिंचाई कार्यक्रम निर्माण भइरहेका छन् । तत्कालिन गा.वि.स. अनुसार साना सिंचाई आयोजनातर्फ सिंचित क्षेत्रफल र लाभान्वित घरधुरीहरु प्रश्तुत गरिएको छ ।

## २.६ सामाजिक पूर्वाधार तथा सेवा

### २.६.१ शिक्षा

## २.७ वातावरणको स्थिति

सम्सी गाउँपालिका क्षेत्रमा सरसफाई सम्वन्धि विस्तृत अध्ययन हुन नसके पनि मौजुद प्राप्त सुचनाहरुको आधारमा वातावरणको स्थितीबारे जानकारी गर्न सकिने छ । स्वच्छ खानेपानी तथा शौचालयको प्रयोगबाट पालिकावासीहरुको सरसफाईको जानकारी थाहा पाउन सकिन्छ ।

### २.७.१ प्रमुख समस्याहरु

उचित नीति नियमको कार्यान्वयनको अभावमा सम्सी गाउँपालिकाको वातावरणीय संरक्षणको पक्ष कमजोर हुँदै गएको महसुस गर्न सकिन्छ । गाउँपालिकाका प्रमुख वातावरणीय समस्याहरुलाई निम्नानुसारले सूचीकृत गर्न सकिन्छ:

- स्थानीय निकायले वातावरण संरक्षणमा उचित प्राथमिकता दिन नसक्नु
- नीति तथा कार्यक्रमबीच तालमेल नहुनु
- वैकल्पिक उर्जा र नविकरणीय उर्जाको उचित प्रवर्द्धन गर्न नसक्नु
- भूक्षय र पहिरोबाट जोगाउन वृक्षारोपण गरी वनजंगलको विनास रोक्ने तर्फ ध्यान नदिइनु
- बाटोको छेउमा फोहोर (प्लाष्टिक, सिसा, आदि)फाल्नेसानो व्यवस्थित कन्टेनरको व्यवस्था नहुनु
- चोक तथा मन्दिर पौवा क्षेत्रमा सार्वजनिक शौचालय नहुनु



Scanned with CamScanner

- घर-घरमा शौचालयको राम्रो व्यवस्था नहुनु

## २.७.२ वायु तथा जल प्रदुषण

गाउँपालिका भित्र वायु प्रदुषण गर्ने मुख्य श्रोतहरुमा यातायातका साँधनहरुको धुवाँ, घरधुरीले जलाएको फोहरमैला र कृषिजन्य तथा उद्योगहरु नै हुन् । यसको अलावा धुले तथा ग्राभेल सडकहरुले पनि वायु प्रदुषण गरेको देखिन्छ । त्यस्तै ग्रामिण क्षेत्रभित्र जलभण्डार नभएको ले जल प्रदुषण कम मान्न सकिन्छ । तथापि जनघनत्व बढ्दै जाँदा उत्पादन हुने घरेलु फोहर (पानी समेत) अन्तमा नदीमा मिसिदाँ हुने जल प्रदुषण बढ्दै जाने संम्भावना छ ।

## २.७.३ ढल निकास

सम्सी गाउँपालिका भित्र ढल निकासको व्यवस्थापन भएको देखिदैन भने सामान्य तया घरहरुमा Septick Tankप्रयोग गर्ने गरेको देखिन्छ । यहाँ भएको सडक छेउको ढल (वर्षातको पानी) को पानी सोझै खोलामा जाने गरेको छ । यस क्षेत्रको भू-वनावट अनुसार फोहर पानी प्राकृतिक रुपमै बहने गरेको छ । तथापि घरायसि फोहर पानी खुल्ला रुपमा बगाउँदा प्रदुषण भने फैलिएको छ ।

## २.७.४ शौचालय प्रयोगको स्थिति

गाउँपालिकामा बसोवास गर्ने परिवारहरुलै प्रयोग गर्ने शौचालयको अवस्थालाई हेर्दा साधारण शौचालयको प्रयोग गर्नेको संख्या वृद्धि हुदै गरेको छ भने शौचालय नै नभएको परिवार संख्या पनि उल्लेख्य नै रहेको देखिन्छ । नगरपालिका क्षेत्रमा शौचालयको प्रकार तथा प्रयोगको अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

## २.७.५ फोहरमैला व्यवस्थापन

### फोहर संकलन एवं विसर्जन

गाउँपालिका कार्यलयले सम्पुर्ण वडावाट फोहोरमैला प्रत्येक दिन संकलन गरेर उचित विसर्जन गर्ने निकाय हो । तर गाउँपालिकाले उचित ध्यान नदिंदा नगरमा दिन प्रतिदिन फोहोरमैला वढ्दै गरेको पाईन्छ । हाल गाउँपालिकामा उचित उपकरण तथा जनशक्ति नहुँदा नगरमा फोहोर वढेको हो । हाल गाउँपालिकाले नगर क्षेत्रको मात्र फोहोर उठाउने गरेको र अव्यवस्थित तरिकाले फोहोर व्यवस्थापन गर्ने गरेको छ । यसरी व्यवस्थापन गरेको फोहोरले त्यस समुदायमा नकारात्मक असरलाई खासै ध्यान देखिएको पाईदैन । हाल सम्म्म पालिका भित्रा ल्यण्डफिल नभएको यदिं ल्याण्डफिल समयमै निर्माण तथा नगरपालिकाले उचित उपकरण तथा जनशक्ति व्यवस्था गर्न सकेमा नगरको फोहोरको उचित व्यवस्थापन हुने थियो ।

### फोहरमैला व्यवस्थापनका प्रमुख समस्याहरु

फोहरमैला व्यवस्थापनको सन्दर्भमा देखिएका प्रमुख समस्याहरुलाई संक्षेपमा निम्नानुसारले उल्लेख गर्न सकिन्छ :

- ल्याण्डफिल्ड साइट भई नभएको,
- फोहरमैला संकलनकालागि आवश्यक साधन (ट्रयाक्टर, टिपर, आधुनिक उपकरणहरु आदि) र आर्थिक श्रोतको अभाव,



Scanned with CamScanner

- इन्धनको बढ्दो मूल्य एवं बजारमा पटक पटक देखापर्ने अभाव,
- फोहरमैलालाई जैविक/अजैविक फोहरमा छुट्याउने प्रचलन नरहेको र सोही अनुरुप सबै फोहरलाई एकै नासले फ्याकिने गरिएको,
- विशेष किसिमका फोहरहरु (मेडिकल, औद्योगिक आदि) विसर्जन गर्ने बारेमा प्रष्ट नीति एवं व्यवस्थाको अभाव,
- फोहरमैला व्यवस्थापनमा जनचासो, जनसहभागिता एवम् जनचेतनाको कमी र
- फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र एवं गैससको सक्रियताको कमी।

भू-क्षय

नदी, डाँडा, भिर, वनजङ्गल, क्षेत्रले पनि उतिकै रहेको छ। जसले प्रकोप निम्त्याउने गरेको तथा प्राकृतिक र मानविय पक्षमा क्षति ल्याउने गरेको देखिन्छ। प्राकृतिक स्रोतको संरक्षणले मानवलाई स्वास्थ्य वातावरण बनाउनको साथै विनास पनि हुने प्रचुर संभावनालाई रोक्ने तथ्य देखिएको छ। पालिका क्षेत्रमा रहेको मुख्य भू-क्षय क्षेत्रहरु प्राय सम्पूर्ण वडाहरुमा भएको देखिन्छ भने, जि.भु.स. का अन्तर्गत विभिन्न संरक्षण कार्यक्रमहरु निर्माण गरेको छ।

यस क्षेत्रमा भएको कार्यहरुमा पहिरो रोकथाम खोला किनार संरक्षण, सेडिमेन्ट चेक ड्याम पोखरी संरक्षण फलफुलको विरुवा वितरण, नर्सरी, साझेदारी, भू-संरक्षण, नदी कटान जग्गा संरक्षण आदी भएको देखिन्छ।

### २.८ जोखिम व्यवस्थापनको स्थिति

गाउँपालिकावासीको जीवनस्तर केवल आर्थिक, सामाजिक उन्नतिसँग मात्र जोडिएको नभई विभिन्न जोखिमहरुबाट समाज कत्तिको सुरक्षित छ भन्ने तथ्यसँग पनि जोडिएको हुन्छ। नकारात्मक नै भए पनि जोखिम (Risk) हाम्रो जीवनको एक अभिन्न अंगको रूपमा रहेको छ। दुर्घटना, आगलागी, वर्षा, बाढी, भू-क्षय, पहिरो, हावाहुरी, हिंसा आदि जस्ता जोखिमहरूबाट समाज सदैव खतरामा रहेको हुन्छ भने स.न.पा.पनि यस्तो स्थिति बाट अलग रहन सक्दैन फरक छैन। जोखिमहरू प्राकृतिक (भू-क्षय, बाढी, पहिरो, हावाहुरी आदि) र मानव-श्रृजित (आगलागी, हिंसा, दुर्घटना आदि) गरी दुई प्रकारका हुन्छन्। यी मध्ये पनि मानव सिर्जित जोखिमहरूका घटनाहरू नै वढी घट्ने तर सामूहिक प्रयास भएमा कम गर्न सकिने खालका हुन्छन्।

जोखिम व्यवस्थापनतर्फ गाउँपालिकाले सकारात्मक पहल गरेको छ। जोखिम व्यवस्थापनतर्फ गाउँपालिकाले चालेका केही महत्वपूर्ण कदमहरू निम्नानुसार छन् :-

- शिक्षक, विद्यार्थी, सवारी चालक लगायतका सरोकारवालाहरूबीच सडक दुर्घटनाका बारेमा चेतना कार्यक्रम सञ्चालन गरी सवारी नियमको पालना गर्ने, गराउन, छतमाथि यात्रु राख्न निषेध गर्ने,
- द्वन्द्व न्यूनीकरण र समाजमा बहुपक्षीय छलफलद्वारा आपसी विमतिको निराकरण गर्ने,
- सडक दुर्घटना, आगलागी जस्ता मानव हेलचक्राइबाट हुने घटनाहरूका बारेमा जनचेतना जगाउने र
- प्राकृतिक प्रकोपबाट सुरक्षित हुने उपायका बारेमा जनचेतना जगाउने अभिवृत गर्ने।

### २.१० SWOT Analysis of Samsi Municipality

Strength(सवल पक्ष)



Scanned with CamScanner

- नगर तथा वरपरका क्षेत्रमा प्रशस्त प्राकृतिक श्रोत भएको हुनाले त्यसको सहि उपयोग गरि सामाजिक , आर्थिक तथा वातावरणिय क्षेत्रमा दिगो विकास हुन सक्ने ।
- नगरको भु-बनावट र हावापानीले गर्दा नगदे तथा व्यावसायिक बाली उत्पादन प्रशस्त मात्रामा गरि आयआर्जन र आर्थिक उन्नति गर्न सकिने ।
- शहरलाई हरित शहरको रुपमा विकास गरि विश्व सामुन्नै नमुना शहर बनाउन सकिने । हाल विश्वमा बदलिदो हावापानी तथा कम कार्बन डाइ अक्साइड उत्पादन गर्ने शहर विकास सकिन्छ ।
- सम्मी गाउँपालिकालाई आन्तरिक तथा बाहिरी पर्यटन सँग सञाल बनाएर पर्यटन विकास तथा आर्थिक उन्नति गर्न सकिने ।
- नगर क्षेत्रमा भएको जनशक्ति तथा त्यसको व्यवस्थापन गरी विकास निर्माणको काममा लगाउन सकिन्छ ।

Weakness(दुर्बल पक्ष)

- सामाजिक तथा आर्थिक पक्षहरुसँग सम्बन्धित सबै समुदाय तथा क्षेत्रमा समानुपातिक विकास हुन सकेको छैन ।
- पर्यटन व्यवसायका प्रबल सम्भावना बावजुत आवश्यक भौतिक पूर्वाधार निर्माण हुन सकेको छैन।
- पालिका क्षेत्र सबै प्रकारका सरकारी तथा गैर सरकारी संघसंस्था भएता पनि सबै कार्यालय सँग प्रकारको समन्वयन नभएको देखिनु ।
- वरिपरिको खाने पानीको प्रसश्त मुहान भएर पनि त्यसको उचित सर्मक्षेण तथा विकास हुन नसक्नु ।
- यस क्षेत्रको उपभोक्ताहरुमा जनसहभागितात्मक भावना र चेतनाको कमि रहेको ।
- गाउँ क्षेत्रका युवाजनशक्ति पलायन हुने क्रम बढ्दो ।
- भौतिक पूर्वाधारहरुको उचित तथा समय सापेक्ष स्तर उन्नति नहुनुको कारण वस्तु तथा सेवाको उत्पादन वितरण एवं पहुचमा गतिरोध र वातावरणिय क्षेत्रमा नकारात्मक असर हुने गरेको ।

Opportunity (संभावना र अवसरहरु )

गाउँपालिकामा हुन सक्ने नगर विकासका संभावनाहरुलाई देहाय बमोजिमको सारांशमा उल्लेख गर्न सकिन्छ :

- नगरको आर्थिक संरचनामा कृषि तथा पशुपालनले महत्व राख्ने भएकोले कृषिमा आधारित उद्योग तथा मुल्य अभिवृद्धि (Value addition) को संयन्त्रहरुको स्थापना तथा संवर्द्धन गरी कृषि व्यवसायीकरणलाई अगाडी बढाउन सकिने बलियो संभावना देखिएको छ ।
- उच्च मुल्यका नगदे तथा औद्योगिक बाली उत्पादनको बजारलाई सुनिश्चित गर्न बजार सेवा र सुचना प्रणालीलाई प्रभावकारी रुपमा स्थापना गरी मुल्य अभिवृद्धिका माध्यमबाट मुल्य तथा निकासी लाई स्थिर बनाई प्रति व्यक्ति आय तथा कुल गार्हस्थ उत्पादनको वृद्धि गर्न सकिन्छ ।



Scanned with CamScanner

- यस गाउँपालिकामा कृषि लगायतका बहुउद्देश्यीय कृषक समूहहरु उल्लेख्य मात्रामा रहेकाले स्थानीय समूहहरु बीच सहकारीताको अवधारणा विकास गरी आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा दिगो कृषि प्रणाली को स्थापना गर्न सकिने देखिन्छ।
- यस क्षेत्रका दृश्यावलोकन स्थलहरु, पर्या पर्यटन, सामाजिक, सास्कृतिक तथा धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गरी पर्यटकहरु तथा स्थानीय जनताको आय आर्जनमा वृद्धि गर्न सकिने संभावना रहेको छ।
- यस पालिकामा पर्यटन सूचना केन्द्रहरु, पर्यटक गाईड तालिम केन्द्र तथा सूचनामूलक सामाग्रीहरुको व्यवस्था गरी आयआर्जन तथा रोजगारीको प्रवर्द्धन गर्न सकिने संभावनाहरु रहेको छ।
- स्थानीय विपन्न, दलित, जनजाती, पिछडिएका र उत्पिडित जस्ता लक्षित वर्गलाई रोजगारको अवसर प्रदान तथा प्रगतीशील आरक्षण गर्ने किसिमका रोजगारमूलक र वैदेशिक रोजगारीका सर्वसुलभ अवसरहरुको सिर्जना गरी बेरोजगारी तथा गरीवी न्यूनिकरण गर्न सकिने देखिन्छ।
- खानेपानीको माग अत्याधिक रुपमा वृद्धि भईरहेको तथा वर्तमान आपुर्ति परिमाण तथा प्रणालीले धान्न नसक्ने भएको अवस्थामा स्थानीय श्रोतहरुको पहिचान, संरक्षण तथा संचिति पुर्वाधारको निर्माण तथा मेन लाईनमा समाहिकरण गरी खानेपानीको आपूर्तिलाई प्रभावकारी तथा पर्याप्त बनाउन सकिने अवस्था रहेको छ।
- गाउँपालिकामा खानेपानीको आपूर्ति व्यवस्था तथा सदुपयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन स्थानीय उपभोक्ता समिति मार्फत संचालन गरीएमा नगरपालिकालाई रहेको कार्यबोझ तथा उपभोक्तालाई परेको प्रक्रियागत झन्झटबाट मुक्त राख्न सकिने संभावना रहेको छ।
- गाउँपालिका भित्र गुणस्तरीय, व्यवसायिक तथा प्राविधिक शिक्षण संस्थान, प्रतिष्ठान तथा शैक्षिक संस्थाहरु खोल्न सकिने संभावना तथा अवसर देखिन्छ।
- सूचना र संचारको संस्थागत विकास गर्न गाउँपालिकाद्वारा मासिक रुपमा विभिन्न गतीविधी समेटेर मासिक बुलेटिन प्रकाशन गर्न सकिने संभावना रहेको छ।
- यस पालिकाका विभिन्न स्थानहरुमा प्राथमिक स्वास्थ्य केन्द्रहरु स्थापना गर्न सकिने संभावना देखिन्छ।
- स्थानीय समुदाय, संघ सस्था तथा टोल विकास संस्थाहरुको परिचालनवाट नगरका शहरी तथा बजार क्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन गरी शहरी र बजार क्षेत्रलाई आकर्षक तथा सफा राख्न सकिने अवसर रहेको छ।
- महंगो विद्युत विपन्न तथा निम्न आय भएका वर्गहरुले प्रयोग गर्न नसक्ने भएकोले गोवरग्यास, सोलार जस्ता वैकल्पिक उर्जा कार्यक्रमहरुलाई सर्व सुलभ रुपमा संचालन गरेमा सवै पलिमनवासीहरु यसको प्रयोगवाट लाभान्वित हुन सक्ने अवसरहरु छन्।
- गाउँपालिका क्षेत्रमा सामू गैरकाष्ठ वन उत्पादन, जडिबुटी उत्पादन, बजार व्यवस्थापन र अन्य आयमूलक कार्यक्रमहरु मार्फत यस क्षेत्रमा आर्थिक विकास एवं रोजगारीका अवसरहरुलाई प्रवर्द्धन गर्न सकिने अवसरहरु देखिएको छ।



Scanned with CamScanner

- यस क्षेत्रमा विद्यमान परम्परागत ज्ञान सीप र प्रविधिलाई नगरको दिगो विकास कार्यमा सकारात्मक समावेशीकरणका माध्यमबाट आत्मनिर्भर शहरको विकास गर्न सकिने अवसर रहेको देखिन्छ ।
- गाउँपालिका भित्र ढलहरुलाई व्यवस्थित गरी आवश्यक पुर्वाधार संरचनाहरु तथा सचेतनामूलक कार्यक्रम र वृक्षारोपण कार्य मार्फत ढल निकास तथा मूख्य निकायलाई पुरक विकासका रुपमा लैजान सकिने संभावना रहेको छ ।
- पर्यटकीय विकासका लागि महत्वपूर्ण स्थान भएकाले होटल व्यवसायलाई व्यवस्थित गर्न सकिने ज्यादै ठूलो संभावना छ साथै हस्तकला, बेतबाँस, काष्ठकला, लगायतका लघु व्यवसायहरु स्थापना गरी आयआर्जन तथा रोजगार प्रवर्द्धन गर्न सकिने संभावनाहरु रहेका छन् ।
- मौरीपालन, रेशमखेती, फूल व्यवसाय, अदुवा, मह प्रशोधन तथा उच्च मूल्यका नगदेबाली तथा दुधजन्य उत्पादनहरुका लघु व्यवसायहरु स्थापना गरी नगरको आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।
- नगर विकासका हरेक पक्षमा गैर सरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, स्थानीय समुदाय एवं निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेलिरहेको हुंदा यस्ता निकायहरुलाई नगरको विकास कार्यमा मूल प्रवाहीकरण तथा थप प्रोत्साहन प्रदान गर्न साझा संस्थागत संजाल स्थापना गरी पालिकाका हरेक विकास निर्माण कार्यमा साझेदारीका माध्यमबाट पालिकाको समग्र विकासमा समाहित गर्न सकिने सम्भावनाहरु रहेका छन् ।

## Threats (चुनौती)

सम्सी गाउँपालिकाको समग्र विकास गरी आगामी दिनहरुमा नगदे तथा औद्योगिक बाली उत्पादन, पर्यटनको पूर्वाधार सम्मुनत हरित शहरको रुपमा स्थापित गर्नको लागि धेरै बाधा अड्चनहरु पार गर्नु पर्ने देखिन्छ ।

- पालिकालाई यातायात सेवा दिएर पनि यसले दक्षिणका नाकाबाट व्यापार, पर्यटन लगायतका आर्थिक क्षेत्रमा अपेक्षाकृत रुपमा लाभ पाउन सकेन ।
- विगतमा शिक्षा आर्जन गर्नकै लागि भएपनि यहाँ मानिस आउने गरेको तर हालका दिनहरुमा अन्य ठाउँमा पनि शैक्षिक संस्थाहरु खुल्दै जानुको कारणले पनि पालिका.मा असर पुगिरहेको देखिन्छ ।
- द्रुत विकासको लागि मानवको आवागमन अत्यधिक हुनु जरुरी हुन्छ जसको लागि आर्थिक उपार्जनका पर्याप्त श्रोत र पूर्वाधार हुनु आवश्यक छ । मानवको आवागमनले आर्थिक चहलपहल बढ्ने मात्र नभई प्रविधि हस्तान्तरण समेत हुन्छ जसबाट अपेक्षाकृत रुपमा लाभ उठाउन सकेको छैन ।
- यहाँका बासिन्दाको निर्वाहमुखी पेशा कृषि र पशुपालन नै ज्यादा छ र यसलाई व्यवसायिकिकरण गर्न सकिएको छैन । उद्यमशील चेतनाको अभाव देखिन्छ ।,
- विकास प्रतिको जनधारणा पनि स्तरिकृत हुन सकेको छैन । फगत भौतिक विकास मात्रै विकास हो भन्ने धारणा रहेको छ । सामाजिक विकास विनाको भौतिक विकास अपुरो र अस्थायी हुन्छ भन्ने तथ्य प्रति गाम्भिर्यता पाइँदैन ।



Scanned with CamScanner

# खण्ड ३ : आवधिक गाउँपालिका विकास योजना

## ३.१ भूमिका

आवधिक गाउँपालिका विकास योजनाको परिचयात्मक विवरण एवं कार्यविधि खण्ड १ मा प्रस्तुत गरिएको छ । त्यस्तै, खण्ड २ मा सम्मी गाउँपालिका को विस्तृत पार्श्वचित्र पेश गरिएको छ । पालिकाको बस्तुस्थितिको धरातलमा टेकेर व्यापक जनसहभागिता एवं विज्ञहरुसँगको छलफल मार्फत् आवधिक योजना तयार पारिने व्यवस्था गरिएको छ । सो अनुसार यस खण्डमा गाउँपालिका विकास योजनाका लक्ष्य, नीति, रणनीति एवं कार्यक्रमहरुको पहिचान एवं व्याख्या गरी कार्यक्रम कार्यान्वयनका लागि समेत दिशानिर्देश समेत गरिएको छ ।

## ३.२ गाउँपालिकाको दीर्घकालीन सोच तथा सिद्धान्तहरु

### ३.२.१ दीर्घकालीन सोच

दीर्घकालीन सोच (Long Term Vision)लाई गाउँपालिकाको दीर्घकालको आदर्श अवस्थाको रुपमा लिईन्छ। सामान्यतया दीर्घकालीन सोच भन्नाले वर्तमान अवस्था (Existing Stage) बाट भविष्यमा पुग्ने एउटा इच्छित अवस्था (Desired Stage) हो । समयावधि किटान नभएको तर दीर्घकालीन प्रकृतिको हुने यस सोचले आदर्शवादी अवस्था झल्काउँछ जसतर्फ योजना सधैं उन्मुख हुनुपर्छ । दीर्घकालीन सोच एउटा आवधिक योजना अवधि भित्र मात्र हासिल हुने अवस्था होइन तर त्यस तर्फको प्रयासको एउटा महत्वपूर्ण पाइला हो किनकि आवधिक योजना एउटा मध्यम अवधिको योजना (Medium Term Plan) हो । अत: दीर्घकालीन सोच हासिल गर्न एक भन्दा बढी आवधिक योजनाहरु कार्यान्वयन हुनु नितान्त आवश्यक छ । कति वर्ष भित्र उक्त सोच अथवा वाञ्छित अवस्था हासिल हुन्छ भने कुरा धेरै हदसम्म गाउँपालिकाको विकासप्रतिको प्रतिवद्धता, साधन तथा श्रोतको प्रभावकारी परिचालन, उपयुक्त योजनाको तर्जुमा तथा कार्यान्वयन जस्ता कुराहरुमा निर्भर गर्दछ । दीर्घकालीन सोच प्राप्तिको लागि नगरपालिका प्रयासरत् रहनुपर्दछ र पछिल्ला आवधिक योजनाहरुमा के कस्ता लक्ष्य, उद्देश्य, नीति तथा कार्यनीतिको अवलम्वन गर्दा चाँडो भन्दा चाँडो सो प्राप्ति हुन्छ, त्यसतर्फ सदैव दत्तचित्त रहनुपर्दछ ।जल, जंगल, कृषि, खानी, पर्यटन र शिक्षा तथा सामाजिक विकास एवं मानव विकास तथा भौतिक पूर्वाधार विकासमा लगानी उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्नु यसको दीर्घकालीन सोच हुनेछ ।

**दीर्घकालीन सोचको विशेषता**

१. सम्सी गाउँपालिक.लाई स्वच्छ, सुन्दर तथा समृद्ध बनाउने परिकल्पना गरिएको छ । स्वच्छ, सुन्दर तथा समृद्ध नगरपालीका बनाउनको लागि कुनै पनि विमती तथा शर्त अगाडी सारिने छैन । "स्वच्छ" अर्थात सफा

एवं वातावरणीय दृष्टिले बस्न लायक, "सुन्दर" अर्थात आकर्षक एवं मनमोहक र "समृद्ध" अर्थात उच्च जीवनस्तर र आर्थिक कियाकलापमा गतिशिल शहर भन्ने सोच राखिएको छ ।

२. सरल भाषामा लेखिएको यो सोच सबैले बुझन र आत्मसात् गर्न सकिने खालको छ ।

३. आदर्शवादी, फराकिलो र वृहत भईकन पनि द्विअर्थी छैन ।

४.जीवनस्तर (Quality of Life)उकास्न आवश्यक तीन पक्षहरु वातावरण (Environment), बसोबासकोलागि उपयुक्तता (Liveability)एवं आर्थिक सबलता (Economic Strength)लाई सम्बोधन गरिएको छ ।



Scanned with CamScanner

५. सरोकारवालाहरुसँगको व्यापक छलफलबाट तयार पारिएको यो सोच सरल भईकन पनि सबैको भावना समेट्न सफल छ ।

### दीर्घकालीन सोचले परिकल्पना गरेको शहर

**क.स्वच्छ शहर**

स्वच्छ शहर अर्थात सफा एवं वातावरणीय दृष्टिले बस्न लायक शहर भन्ने बुझिन्छ । शहरमा उपलब्ध स्रोत साधनको सदुपयोग र संभाव्य क्षेत्रको विकासद्धारा स्थानीयवासीहरुको आर्थिक तथा सामाजिक स्तरमा सुधार आउनुका साथै पालिकावासीहरु आत्मनिर्भरतातिर उन्नमुख भएसँगै शहरलाई स्वच्छ तथा हराभरा राख्नुपर्ने कल्पना गरिएको छ ।

**ख.सुन्दर शहर:**

सुन्दर शहर भन्नाले प्राकृतिक वातावरण जोगाइएको, हराभरा, मनमोहक दृश्य (प्राकृतिक, सामाजिक वा साँस्कृतिक) ले सजिएको शहर भन्ने अर्थ राख्दछ । विकासको गतिमा युक्त रुपमा अघि वढी रहेको हुनाले विकासको गतिशिलतामा अघि वढी रहेको र व्यवस्थित वस्ती विकास भइरहेको हुनाले यो पालिकलाई गतिशिल रहदै आएको छ । सुरक्षाको हिसावले भौगोलिक हिसावले र अन्य नागरिक चेतनाको हिसावले पनि यो स्थान सुरक्षित पालिका हो । भविष्यमा यस पालिकामा कृषि, पर्यटकीय, नगरको हिसावले पनि यो ठाउँ उपयुक्त छ र यस स्थानबाट भारतको नाका सम्म जाने बाटो रहेको छ ।

**ग.समृद्ध शहर**

शहर भन्नाले परिश्रमी पौरखीहरुको शहर, उद्योग एवं उद्यम मार्फत् आर्थिक विकास तर्फ अग्रसर शहर भन्ने अर्थ राख्दछ । आर्थिक, सामाजिक, कृषि उत्पादनका साथै स्वास्थ्य शिक्षा र रोजगारका अवसर प्राप्त गर्नका लागि स्थानिय श्रोत साधानमा आधारित उद्योगको स्थापना गर्न सकिने सोच राखेको छ । साथै पर्यटनको विकासको लागि हवाई सेवाको समेत विकास गर्न सकिएको अवस्थामा विकासको अनुभुती प्राप्त गर्न सक्ने छ । हरेक जाति, धर्म, भाषा, पेशा, लिङ्ग लगायत पक्षमा समुचित विकासको कल्पना गरिएको छ ।

### ३.२.२ पालिका विकासका सिद्धान्तहरु

दीर्घकालीन सोचको आधारमा सम्सी गाउँपालिका क्षेत्रको विकासको प्रतिवद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी र दीर्घकालीन सोच प्राप्तितर्फ विकास प्रयासलाई डोऱ्याउने गरी विकासका सिद्धान्तहरु तय गरिएका छन् :

(क) जनसहभागितात्मक विकास कार्यहरुको संचालन

- उपभोक्ता समूहको सुढ़ृढीकरण
- समुदायमा आधारित संगठनहरुको विकास
- स्थानीय गैरसरकारी संस्था र निजी क्षेत्रको परिचालन
- सरकारी तथा निजी साझेदारी

(ख) जनसवलीकरण एवं समावेशी विकास

- सेवा र सुविधामाथि सबैको समान पहुँच
- दलित, उपेक्षित तथा जनजाति उत्थान
- मानवीय विकास

(ग) प्राकृतिक श्रोतको दिगो उपयोग



Scanned with CamScanner

(घ) वातावरण मैत्री विकास

(ङ) आर्थिक गतिविधिमा अभिवृद्धि

- स्थानीय श्रोत, साधन र सीपको उपयोग
- रोजगारीको अवसरमा अभिवृद्धि
- गरिवी न्यूनीकरण

### ३.२.३ गाउँपालिका विकासका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु

दीर्घकालिन सोचको मर्मलाई ह्रदयंगम गर्दै सम्सी गाउँपालिकाले निम्न लक्ष्यहरु थय गरेको छ :

१. सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाअधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने ।

२. आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाती, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने ।

३. योजनाहरुको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरि जवाफदेही वहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्ने ।

४. स्थानीय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्न सक्ने गरि स्थानिय स्वायत्त शासन पद्धतिको विकास गर्ने ।

**उद्देश्य**

१. सामाजिक-आर्थिक रुपले गाउँपालिका वासीको जीवनस्तर (Quality of Life)मा देखिने गरी सुधार ल्याउन ।

२. सम्सी गाउँपालिका लाई न्यूनतम भौतिक पूर्वाधार सम्पन्न वनाउन ।

३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउन ।

४. गाउँपालिका लाई स्वच्छ वातावरणको नमुना बनाउन ।

**नीति/रणनीति**

१. सामाजिक परिचालन मार्फत न.पा.को विकास सम्वन्धी धारणा स्थानीय जनता र टोलवस्तीमा पुऱ्याइ मानवपूँजी (Human Resource) निर्माण र सशक्तिकरण गर्ने । यसको लागि स.न.पा.का शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

२. गरिवी न्यूनीकरण कार्यक्रममा लगानी वढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन रआवश्यकता अनुसार परिमार्जन गर्ने ।

३. गरिव, द्वन्द्ववाट प्रभावित र सिमान्तकृत वर्गका वालवालिकालाई नि:शुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गर्ने ।

४. महिला, वालवच्चा, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर सञ्चालित कार्यक्रमलाई गाउँपालिकाका अनुदान वढाउँदै लैजाने ।

५. सम्सी गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता वढाउँदै लैजाने ।



Scanned with CamScanner

६. सम्मी गाउँपालिकामा विद्यमान अवसरहरु (पर्यटन उद्यम, शैक्षिक उद्यम, हावापानी आदि) लाई सदुपयोग गर्दै विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालिन योजनामा समावेश गर्ने ।

७. सम्मी गाउँपालिकाको एक्लो प्रयोगबाट मात्र विकास सम्भव नहुने र सरकारी अनुदानमा मात्र आश्रित हुने प्रवृत्तिबाट दीगो विकास सम्भव नहुने भएकोले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।

८. वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।

## ३.३ गाउँपालिका विकासका समस्या, चुनौती तथा अवसरहरु

### ३.३.१ विकासका प्रमुख समस्याहरु

गाउँपालिका घोषणा भए पश्चात् पनि सम्मी गाउँपालिकाले आर्थिक विकासको अनुभव गर्न पाएको छैन । अझै बहुसंख्यक पालिकावासी कृषि मै संलग्न हुनु तर कृषिको व्यवसायिक विकास नहुनु प्रमुख चिन्ताको विषय हो ।

समस्याहरु धेरै छन् र ती मध्ये धेरै अन्तर-आवद्ध (Interlinked)भएका हुन्छन् । आवधिक योजना तयार गर्ने क्रममा विभिन्न चरणमा भएको जनसहभागितात्मक छलफलहरुबाट संकलित प्रमुख आधारभूत समस्याको विवरण प्रस्तुत गरिएको छ ।

| समस्या/ सवालहरु | तत्कालिन असर | कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|
| कृषिको व्यवसायीकरण हुन नसकेको | - रोजगारीको अवसर घटेको<br>- नगरको आर्थिक विकासमा शिथिलता आएको ।<br>- कृषकको जीवनस्तरमा अपेक्षित सुधार आउन नसकेको ।<br>- कृषिमा आश्रित परिवारको भविष्य सुनिश्चित नभएको | - ठूला उद्योग र औद्योगिक क्षेत्र नहुनु<br>- स्थानीय स्तरमा प्राप्त हुने कच्चा पदार्थको सदुपयोग हुन नसक्नु | - कृषि प्रशोधन सम्वन्धी साना र मझौला उद्योगहरु स्थापना गर्ने<br>- हटिया बजारलाई व्यवस्थित गर्ने<br>- छिमेकी शहरहरुमा बजार प्रवर्द्धन गर्ने । |
| उद्योग व्यवसायहरु व्यवस्थित हुन नसकेको | - रोजगारी श्रृजना हुन नसकेको<br>- नगरले आर्थिक विकासमा छलाङ् मार्न नसकेको | - उद्यमशिल चेतनाको अभाव रहनु<br>- उत्पादित वस्तुको उचित मूल्य नपाउनु<br>- निजी लगानीको वातावरण नहुनु<br>- लगानीकर्ताको लगानीको सुरक्षा नहुनु<br>- उद्यमशिलताको विकासमा स्थानीय सरकारको लगानीको अभाव रहनु<br>- व्यवस्थित कृषि बजार | - उद्योगको औचित्य र सम्भाव्यताको आधारमा न.पा.ले आर्थिक सहुलियत प्रदान गर्ने<br>- स्थानीय कच्चा पदार्थको प्रयोगलाई टेवा दिने<br>- व्यापार प्रवर्द्धनमा उद्यमीलाई न.पा.ले सघाउने |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | र पशु हाट बजार नहुनु | |
| पर्याप्त रोजगारी नभएको | - युवाशक्ति/दक्ष जनशक्ति पलायन भएको<br>- नगर विकासका लागि आर्थिक क्रियाकलाप अपुग भएको<br>- जीवनस्तर उठ्न नसकेको | - स्थानीय स्तरमा रोजगारी श्रृजना हुन नसक्नु | - रोजगारीका लागि उद्योगहरुमा मात्र भर नपरी संचार प्रविधि (IT: Information Technology)सेवा प्रदायक संस्थाहरु, शिक्षण संस्था आदिको विकासमा जोड दिने |
| विकास सम्बन्धी दृष्टिकोण र योजनाबद्ध प्रयासको कमी रहेको | - विकास सम्बन्धी जनउत्साह कम भएको यथास्थितिबाट विद्यमान रहेको | - विकास भनेको भौतिक विकास मात्र हो भन्ने सोचाइ रहनु<br>- आकर्षणको केन्द्र ( शिक्षा, व्यापार, पर्यटन, स्वास्थ आदि) स्पष्ट नहुनु<br>- संस्थागत रुपमा गाँउ नगर अन्तर सम्बन्धको विकास नहुनु | - विकास कार्यक्रममा योजनादेखि कार्यान्वयन सम्म जनसहभागिता गराउने<br>- भौतिक विकासमा समुदायको लगानी बढाउँदै लैजाने<br>- समुदायको आफ्नै पहलमा गरिने भौतिक विकास कार्यक्रमलाई प्राथमिकता दिने |
| पर्यटकीय क्षेत्रहरुलाई व्यवस्थित गर्न नसकेको | - वैकल्पिक रोजगारीका अवसर खेर जाँदै गरेको । | - पर्यटन विकास गर्न सम्बन्धित क्षेत्रहरु खोजी गरी प्रचार प्रसारमा ल्याउन नसक्नु | - श्रव्य दृश्य साधनमार्फत न.पा.को प्रचार प्रसार गर्ने<br>- समयसमयमा स.न.पा. महोत्सव आयोजना गर्ने<br>- पर्यटन गुरुयोजना तयार पार्ने<br>- पर्यटकलाई खाने, बस्ने सुविधा बसाउने<br>- पर्यटनका प्याकेज कार्यक्रमहरु (पदयात्रा, दृश्यावलोकन, पर्यापर्यटन, साँस्कृतिक पर्यटन) को डिजाइन गर्ने<br>- |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| व्यवस्थित बसोबास नभएको | - बस्तीहरु छरिन थालेको<br>- शहरीकरणका विकृतिहरु बढ्दै गएको | - शहरीकरण सम्बन्धी नीति प्रष्ट नहुनु र कार्यान्वयन शिथिल हुनु<br>- भवन मापदण्डको उचित पालना नहुनु | - योजनाबद्ध शहरीकरणको लागि कम्तिमा संरचना योजना (Structure Plan) बनाउने<br>- भवन निर्माण मापदण्डलाई समय सापेक्ष बनाई जनचेतना जगाउने र कार्यान्वयन प्रभावकारी बनाउने |

## वडा भेलाबाट संकलित समस्या

सहभगितामूलक आवधिक योजना तर्जुमा गर्ने क्रममा गा.पा.को प्रत्येक वडामा भेलाको आयोजना गरिएको छ । विभिन्न वर्ग तथा पेशाका मानिसहरु (वडाका बुद्धिजीवी, समाजसेवी, राजनीतिक कार्यकर्ता, उधोगपति, व्यापारी, महिला, सर्वसाधारण आदि)को सकेसम्म वढी सहभागिता हुने हिसावले आयोजना गरिएका वडा भेलाहरुमा वडाका सामाजिक संघसंस्था, टोल विकास संगठन, स्थानीय क्लवहरु एवं उपभोक्ता समितिलाई समेत समेटिएको छ ।

वडा भेलामा स्थानीय सहभागीहरुबाट नै समस्या संकलन गरिएको छ । स.गा.पा.को सम्पूर्ण वडाको वडा भेलाबाट संकलित समस्याहरुको आधारमा विश्लेषण गर्नु पर्दा यस क्षेत्रको प्रमुख समस्या सडक अर्थात गाउँपालिका भएकोले शहरी सडक नै रहेको छ । विगतका केही वर्षमा यस क्षेत्रमा हरेक विकासको नाममा सडक विस्तार तथा निर्माण गरिएका छन् भने त्यसको स्तर उन्नती नहुनाले सुख्खा याम बाहेक अन्य याममा निकै नै असुविधा हुनुको साथै हरेक क्षेत्रमा प्रभाव हुने गरेको स्थानियहरु बताउदछन् । स.गा.पा. भित्र निकैं नदी, खहरे खोला जस्ता पनि त्यसको उचित व्यवस्थापन हुन नसक्नाले सिंचाई तथा खानेपानीको स्रोत संरक्षण एमव् उपयोग गर्न नसकेको पाइन्छ । त्यसै गरि नयाँ निर्माण भएका सडकहरु तथा प्राकृतीकको श्रोतको विनास तर्फ उन्मुख भएकाले गर्दा अन्य प्रकोप हरुको समस्या पनि त्यतिकै जटिल बन्दै गएको छ । स.गा.पा. क्षेत्रको हिसावले निकै ठुलो भएको कारणले गर्दा यहाँको केही वडाहरु बाहेक सवै अन्य वडाहरु ग्रामिण प्रवृतीकै भएको पाइन्छ । जहाँ शिक्षा, स्वास्थ्य जस्ता सामाजिक समस्याहरु भएको पाइन्छ भने यहाँको आर्थिक कृयाकलाप कृषि तथा पशुपालनको क्षेत्रको समस्या पनि प्राथमिकतामै भएको देखिन्छ । त्यसै गरी गा.पा.मा. भएका जनशक्ती हरुको उचित व्यवस्थापन तथा आर्थिक कृयाकलापको कमिले गर्दा वेरोजगारी र अन्य समस्याहरु दिन प्रति दिन बढ्दै गएकोले जनसक्ती पलायनको समस्याले अछुतो रहेको देखिदैन । यस क्षेत्रमा अन्य भौतिक पूर्वाधारहरुको कमिले गर्दा वातावरण समेत प्रभाव पर्ने भएकोले त्यस तर्फ ध्यान तथा उचित व्यवस्थापन गर्ने आवश्यकता रहेको वडा भेलाले देखाएको छ ।



Scanned with CamScanner

### ३.४ गाउँपालिका विकासका अग्रणी क्षेत्र

प्रत्येक गाउँपालिकाको आ-आफ्नो महत्व र विशेषता रहेको हुन्छ । साधन र स्रोतको हिसाबले हरेक गाउँपालिका एक अर्काबाट फरक हुन्छ । उपलब्ध साधन तथा श्रोत फरक हुनाका कारणले विकासका संभावनाहरु समेत फरक फरक रहेका हुन्छन् । गाउँपालिकाले आफ्नो क्षेत्रका विधमान विकासका संभावना (Potentiality)लाई पहिचान गरी सही परिचालन गरेमा विकासको गति तीव्र हुन गई यसबाट दीर्घकालीन सोच हासिल गर्न मद्दत पुग्ने हुन्छ । विकासका लागि पहिचान गरिने यस्ता क्षेत्र एक वा एकभन्दा बढी पनि हुन सक्छन् जसलाई अग्रणी क्षेत्र (Lead Sector) भनिन्छ ।

अग्रणी क्षेत्रको पहिचान प्रत्यक्ष रुपमा सम्भावनासँग सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि गाउँपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका संभावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविष्यमा यी मध्ये कुन क्षेत्रले अग्रणी भूमिका खेल्न सक्छ, त्यसको निक्यौल गर्न सम्मी गाउँपालिकाले सरोकारवालाहरुको व्यापक सहभागितामा कार्यशाला आयोजना गरेको थियो । सो कार्यक्रममा सम्मी गाउँपालिकाका लागि अग्रणी क्षेत्रको पहिचान गर्न सहभागीहरुलाई समूहमा विभाजन गरिएको थियो । सहभागीहरुबाट शिक्षा, व्यवसायिक कृषि, उद्यम, पर्यटन, प्रशासनिक ईकाइ, स्वास्थ्य जस्ता क्षेत्रहरुकोप्रस्ताव गरिएको थियो । प्राप्त सुझावका आधारमायोजना टोलीको बैठकद्वारा सम्मी गाँउपालिकाका अग्रणी क्षेत्रहरुका रुपमा कुनै श्रेणी क्रममा नराखी कन **शिक्षा**(Education), **स्वास्थ्य**(Health), **पर्यटन**(Tourism), **वातावरण**(Environmental) र **आवासीय** (Residential)लाई आत्मसात् गर्ने निर्णय गरिएको छ ।

| क्र.सं. | अग्रणी क्षेत्र | सहायक क्षेत्र | प्रमाणित गर्ने आधार | सवल/दुर्वल पक्ष | अवसरहरु/चुनौतीहरु |
|---|---|---|---|---|---|
| १ | शिक्षा | -प्राविधिक शिक्षा<br>-व्यवसायिक शिक्षा<br>-विज्ञान शिक्षा<br>-नागरिक शिक्षा<br>-बाल शिक्षा<br>-प्रौढ शिक्षा | -पूर्वाधार विकास<br>-अध्ययन/अनुसन्धान केन्द्र<br>-प्राविधिक शिक्षण संस्था<br>-छात्रवृत्ति<br>-व्यवस्थापकिय सीपमूलक तालिम<br>-शैक्षिक लगानी<br>-प्रतिफल<br>-बढ्दो विद्यार्थी दर<br>-दक्ष शिक्षक उपलब्धता | सबल पक्षः<br>-आवश्यकता<br>-वातावरण<br>-पूर्वाधार<br>-कृषि,पर्यटन जस्ता संभाव्यता को आधार<br>-व्यवहारिक शिक्षाको शुरु भइसकेको<br>-उपयुक्त वातावरण<br>-क्याम्पसतथा उच्च मा.वि.हरु रहेको<br>-भौतिक पूर्वाधार भएको | अवसरहरु:<br>-स्वच्छ शैक्षिक वातावरण<br>-शैक्षिक केन्द्रको रुपमा अवस्थित<br>-शैक्षिक प्रतिस्पर्धा |
| | | | | दुर्वल पक्षः<br>-लगानी धेरै हुने तर लगानी कर्ताको अभाव | चुनौतीहरु<br>-प्रभावकारी अनुगमन तथा निरिक्षण<br>-शहरमुखी शैक्षिक अवसर |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -उपयुक्त जनशक्ति विकास योजनाको अभाव | -आर्थिक हैसियत |
| २ | स्वास्थ्य | -बाल स्वास्थ्य कार्यक्रम<br>-सुत्केरी, पोषण, खोप कार्यक्रम<br>-परिवार नियोजन<br>-शिक्षा-उपकरण तथा भौतिक सुविधा<br>-दक्ष प्राविधिक | -पूर्वाधार विकास<br>-अध्ययन/अनुसन्धान केन्द्र<br>-सुविधा सम्पन्न अस्पताल | **सबल पक्ष**<br>-जिल्ला अस्पताल,<br>-खोप केन्द्र<br>-स्वास्थ्य शिक्षाको प्रचारप्रसार<br>-घुम्ति क्लिनिक<br>-निजी स्तरका अस्पताल तथा स्वास्थ्य निकाय | **अवसरहरु:**<br>-जिल्ला अस्पताल को भौतिक पूर्वाधारहरु<br>-सामुदायिक अस्पतालको स्थापना<br>-विभिन्न संघसंस्थाको सक्रियता |
| | | | | **दुर्वलपक्ष:**<br>-जनचेतनाको कमी<br>-आर्थिक अभाव<br>-धामिझाँक्रिमा विश्वास | **चुनौतीहरु:**<br>-फोहोरमैला उचित व्यवस्था गनु पर्ने<br>-स्वास्थ्य सेवा सर्वसुलभ बनाउने<br>-प्रभावकारी उपचार सेवा नभएको<br>-जि. स्वास्थ्यको कार्यलयको अभिलेख<br>-न.पा.को अभिलेख<br>-स्थानिय संघसंस्थाको प्रतिवेदन<br>-दक्ष स्वास्थ्य जनशक्तिको अभाव<br>-आधुनिक स्वास्थ्य उपकरणको अभाव<br>-भौतिक पूर्वाधारको अभाव<br>-वडा स्तरमा स्वास्थ्य केन्द्रहरुको अभाव<br>-नगर क्षेत्रमा स्वास्थ्य पिउने पानीको अभाव<br>-विद्यालय तथा समुदाय स्तरिय स्वास्थ्य शिक्षाको कमी<br>-सुरक्षित मातृत्व, वाल मृत्यू दर बारे जानकारी एंवम नियन्त्रणको अभाव<br>-असाहय/गरिवहरुको लागी स्वास्थ्य सेवाको |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पहुँच नहुनु<br>-व्यवस्थित पशु बधशालाको अभाव<br>-खाद्य गुणस्तर नियन्त्रणको कमी<br>-व्यवस्थित ढल निकाशको समस्या<br>-स्वास्थ्य संस्था वरिपरी मादक पदार्थ बेचविखनको समस्या<br>-अस्पताल जन्य फोहरमैला व्यवस्थापनको समस्या<br>-अव्यवस्थित पशुपालन |
| ३ | पर्यटन | -होटल व्यवसाय | -सांस्कृतिक प्रवर्द्धन<br>-मनोरञ्जन स्थल पहिचान/ विकास व्यवस्थित बसोवास<br>-पूर्वाधार विकास<br>-स्टेशन को रुपमा विकास<br>-अन्तरजिल्ला तथा गा.वि.स. सम्वन्ध विकास | **सवल पक्ष:**<br>-सांस्कृतिक विविधता र सम्पन्नता<br>-यादवको उद्‌गम थलो<br>-हावापानी<br>-मनोरम भूगोल<br>-वरीपरी रहेको धार्मिक स्थलहरु ।<br>- | **अवसरहरु:**<br>-भरत तथा अन्यपदयात्राको लागि केन्द्र बिन्दु बन्न सक्ने |
| | | | | **दुर्वल पक्ष:**<br>-पर्यटन पूर्वाधारको कमी | **चुनौतीहरु:**<br>-निजि क्षेत्रलाई कसरी आकर्षित गर्ने?<br>-गैर संस्थाहरुलाई पर्यटन विकासमा परिचालन गर्न नसक्नु । |
| | | | | **दुर्वल पक्ष:**<br>-पश्चिम सभ्यता र संस्कृति प्रति नयाँ पुस्ताको आर्कषण<br>-ऐतिहासिक तथा धार्मिक ज्ञानको कमी | **चुनौतीहरु:**<br>-पाश्चात्य संस्कृतिको नक्कल गर्ने युवा पुस्ता<br>-नजिकको भारतीय सिमा खुल्ला हुनु । |
| ४ | आवासीय | -व्यवस्थित शहरको रुपमा स्थापित | -खुल्ला र फराकिलो बाटो<br>-बस्ती बस्तीमा | **सवल पक्ष:**<br>-शैक्षिक शहर<br>-पूर्वाधार विकास | **अवसरहरु:**<br>-लगानी गर्नको लागी वैङ्कहरु प्रसस्त भएको । |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | -सीप र दक्षता प्राप्त गर्ने अवसर<br>-उपयुक्त भु-बनोट | उचित सडक<br>-अनुकुल किसिमको हावापानी<br>-पहाड र तराईको संगम स्थल<br>-अनुकरणीय प्राकृतिक अवस्था | -व्यवस्थित<br>-स्वास्थ्य सेवा र सुविधा<br>-सहयोगी समुदाय | -स्वदेशी तथा विदेशी गैह सहकारी भएको संस्था<br>-बसोबास गर्न योग्य भौगोलिक संरचना<br>-सुविधा प्राप्त गर्न सजिलो<br>-शैक्षिक र आर्थिक उन्नति गर्न सक्ने प्रसस्त अवसरहरु |
| | | | | दुर्बल पक्षः<br>-खानेपानीको अभाव<br>-अन्य बजार भन्दा महङ्गो सामाग्री<br>नगर बसको संञ्चालन कम | चुनौतीहरुः<br>-लागत जुटाउन कठिन<br>-घरजग्गा कारोबार सुरक्षित नहुनु<br>-तिब्र जनसंख्या बृद्धि हुदै जानु<br>बसाई आउने संख्या बढ्दै जानु |
| ५ | वातावरण | -वन क्षेत्र<br>-नदीनाला तथा खोल्सी<br>-अनुकूल जलवायु<br>-कृषि प्रणाली<br>-उर्व भुमि | -वनको सापेक्ष संरक्षण<br>-स्वच्छ वातावरण<br>-आर्थिक उन्नति<br>-उत्पादनमा वृद्धि<br>-जोखिम मुक्त बसोबास | सवल पक्ष<br>-धेरै क्षेत्र वनले ओगटेको<br>-बसोबास युक्त हावापानी<br>-वन पैदावारको उपभोग<br>-जैविक विविधता | अवसरहरुः<br>-आन्तरिक तथा बाह्य पर्यटनको आर्कषण<br>-अध्ययन र अनुसन्धान<br>-नगदेवाली उत्पादन<br>-आर्थिक उन्नति |
| | | - | - | दुर्वल पक्षः<br>-जनचेतनाको कमि<br>-वन क्षेत्रको अतिक्रमण<br>-वृक्षारोपणमा कमि<br>-जलवायु परिवर्तन | चुनौतीहरुः<br>-वन तथा वातावरणको संरक्षण<br>-जल वायु परिवर्तन<br>-भौगोलिक विकटता<br>-आर्थिक विकटता<br>-सम्वन्धित निकाय सँग समन्वयको अभाव ।<br>- अनुगमन / मुल्यांकनको काम नहुनु<br>-वन क्षेत्र बढाउन नसक्नु<br>ढल निकासको व्यवस्था नहुनु<br>- स्थान र सुरक्षित |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वधशालाको अभाव<br>-पूर्वाधार विकासमा सम्बन्धित निकायसँग समन्वय नहुनु।<br>-चेतनाको कमि<br>-बजार अव्यवस्थित |

## ३.५ भौतिक विकास योजना

### ३.५.१ परिभाषा, उद्देश्य एवं प्रक्रिया

भौतिक विकास योजना (Physical Develoment Plan) ले गाउँपालिकाको शहरी विकास प्रक्रियालाई योजनाबद्ध तवरले विकास गर्दै लैजान आवश्यक दिशानिर्देश गर्दछ । यस अन्तर्गत पालिका कुन क्षेत्र तर्फ विस्तार गर्ने भनी सम्पुर्ण विस्तार क्षेत्रको निर्धारण, उपलब्ध जमिन के कस्ता प्रयोजनको लागि उपभोग गर्न दिने, भू-उपयोग क्षेत्रको निर्धारण गरी सोको नक्सा समेत तयार गरिएको हुन्छ । यसै गरी, विस्तार क्षेत्र तथा भू-उपयोग क्षेत्रको सफल कार्यान्वयनका लागि पूर्वाधार विकास योजना तथा पूर्वाधार निर्माणका लागि गाउँपालिकाको लागानी नीतिहरु (Investment Policies) लगायतका कार्यक्रम तथा विनियमहरुको समेत पहिचान गरिएको हुन्छ । यसै अनुरुप निम्नानुसारका उद्देश्यहरु प्राप्त हुने गरी भौतिक विकास योजना तर्जुमा गरिएको छ :

<u>भौतिक विकास योजनाका उद्देश्यहरु</u>

- विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै सम्सी गाउँपालिकाको भौगोलिक अवस्थितिलाई अनूकुल हुने गरी शहरी विस्तारलाई उपयुक्त दिशामा योजनावद्ध तवरले विकास गर्न निर्देश गर्ने,
- विद्यमान र प्रस्तावित शहरी विकास तथा पूर्वाधार लगानी कार्यक्रम बीच मितव्ययी तरिकाले तालमेल गर्ने,
- प्रभावकारी तवरले जग्गा जमिनको प्रयोग गरी स्वच्छ वातावरण कायम गर्न भू-उपयोग क्षेत्र निर्धारण गर्ने र सो को कार्यान्वयनका लागि आवश्यक नीति तथा विनियम (भवन निर्माण, भौतिक योजना आदि) तर्जुमा गर्ने,
- व्यवस्थित रुपले वस्ती विस्तार क्षेत्रहरुको क्रमशः विकास गर्दै लैजान जग्गा विकास कार्यक्रम संचालन गर्न उपयुक्त क्षेत्रहरुको पहिचान गर्ने ।

<u>भौतिक विकास योजना तर्जुमा प्रक्रिया</u>

गाउँपालिकाको दीर्घकालीन सोच (Vision) प्राप्त गर्न अवसरयुक्त क्षेत्रहरु, शहरी (वस्ती) विस्तारका लागि बाधा तथा अवसरयुक्त क्षेत्रहरु, र विद्यमान भौतिक तथा सामाजिक पूर्वाधार सेवा/सुविधाहरुको विस्तृत विश्लेषणको आधारमा भौतिक विकास योजना तर्जुमा गरिएको छ । यसरी विश्लेषण गर्ने कार्यको लागि विभिन्न विषयका विषयगत नक्साहरु तयार गरिएका छन् । भौतिक विकास योजना तर्जुमा प्रक्रिया चित्र नं. ३.१ मा आधारित छ ।

चित्र नं. ३.१: भौतिक विकास योजना तर्जुमा प्रक्रिया



Scanned with CamScanner




स्रोत: नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका (अन्तिम मस्यौदा,२०६९), स्थानीय विकास मन्त्रालय

### ३.५.२ योजनागत नक्साहरु र विश्लेषण

गाउँपालिकाको भौतिक विकास योजना तर्जुमा गर्नका लागि नक्साहरु अति आवश्यक हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि स्थानिय निकायहरुको वस्तुस्थिति देखिने गरी श्रोत नक्सा (Source Map)तयार गर्नुपर्ने प्रावधान गरेको छ ।

### ३.५.३ शहरी विस्तार क्षेत्र निर्धारण

गाउँपालिकाको शहरी विस्तार (Urban Expansion) को लागि उपलब्ध अवसरहरु (Opportunities)तथा व्याप्त वाधाहरु (Constraints) को पहिचान गरी उपलब्ध भौतिक तथा सामाजिक सेवा सुविधाहरुको अध्ययन विश्लेषणको आधारमा शहरी विस्तार क्षेत्रहरुको निर्धारण गरिएको छ । सम्सी गाउपालिका.को शहरी विस्तारको लागि उपलब्ध अवसर तथा व्याप्त बाधाहरुलाई निम्नानुसारले प्रस्तुत गर्न सकिन्छ :

अवसरहरु **(Opportunities)**

- विद्यमान वस्तीहरुवीच घर वनाउन वाँकी रहेका जग्गा (Infill Land)।
- भौतिक पूर्वाधार पुगेका वा सजिलै विस्तार गर्न सकिने क्षेत्रहरु ।
- सरकारी स्वामित्वमा रहेका जमिन ।
- जग्गाको किनवेचको गति तीव्र भएको क्षेत्र ।

बाधा **(Costraints)**

- वातावरणीय सम्वेदनशील क्षेत्र (जस्तै, वन जंगल, नदी, खोला, ल्याण्डफिल साइट, वगर आदि)
- भू-क्षय हुन सक्ने अति भिरालो जमिन
- विद्यमान घनावस्ती एवं वजार क्षेत्र
- सम्वन्धित निकायहरुद्वारा तय गरिएका सडक तथा उच्च भोल्टेजका विद्युतीय लाइनका अधिकार क्षेत्रहरु (ROW: Right of Way)



Scanned with CamScanner

- आधारभूत सेवा सुविधाहरु पुऱ्याउन निकै खर्चिलो हुने क्षेत्रहरु
- भूकम्प वा दैवीप्रकोपको बेला बढी क्षति पुग्न सक्ने (Vulnerable) क्षेत्र
- कुनै विशेष प्रयोजनकोलागि छुट्याइएका क्षेत्रहरु (जस्तै, सैनिक ब्यारेक)

शहरी (बस्ती) विस्तारको लागि बाधा पुग्ने क्षेत्रहरुलाई अलग गरेर बस्ती विस्तारको लागि पहिचान भएका अवसरयुक्त क्षेत्रहरुलाई विद्यमान भौतिक पूर्वाधारहरुको आधारमा र पूर्वाधारको अभाव भएका स्थानमा पूर्वाधार विस्तार गर्न सकिने संभावनाको आधारमा विश्लेषण गरी शहरी विस्तारको लागि प्राथमिकता निर्धारण (Prioritisation) गरिएको छ । सो अनुसार हाल घनाबस्तीको रुपमा विकास भई सकेको भित्री क्षेत्रहरु र शहरी विस्तारको लागि पहिचान गरिएका स्थानको विवरण नक्सा र तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.३ शहरी विस्तारको लागि पहिचान गरिएका स्थानहरु

| जमीनको स्थिति (Location of Land) | शहरी विस्तारको लागि प्राथमिकता निर्धारण | पहिचान गरिएका स्थान |
|---|---|---|
| बजार तथा अन्य सामाजिक सेवा सुविधा सम्पन्न | (घनाबस्तीको रुपमा विकास भइ सकेको) | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |
| बजार तथा अन्य सामाजिक सेवा सुविधासँग नजिक रही सडक, ढल, विधुत,खानेपानी, टेलिफोन लाइन उपलब्ध क्षेत्र तथा विकासको गतितर्फ उन्मुख भई नगरपालिकाको दीर्घकालीन सोचलाई समेत टेवा पुऱ्याउने क्षेत्र | प्रथम | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |
| सडक, ढल, विधुत, खानेपानी, टेलिफोन लाइन उपलब्ध तर बजार तथा अन्य सामाजिक सेवा सुविधासँग टाढा रहेको जग्गा, भौतिक पूर्वाधारले नछोएको तर सजिलैसँग विस्तार गर्न सकिने जग्गा | दोश्रो | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |
| आंशिक रुपमा भौतिक पूर्वाधार (सडक, | तेश्रो | वडा नं., |



Scanned with CamScanner

| | | |
|---|---|---|
| विद्युत, खानेपानी लाइन) उपलब्ध क्षेत्र, घडेरीको लागि जग्गा बिक्री वितरण भैरहेको क्षेत्र | | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |
| भौतिक पूर्वाधार सीमित रुपमा भएको तर सजिलै विस्तार गर्न सकिने क्षेत्र, जस्तै, सडकले मात्र छोएको जग्गा, सडक, विद्युत, खानेपानी लाइन सजिलैसँग विस्तार गर्न सकिने क्षेत्र र घडेरीको लागि जग्गा बिक्री वितरण केही हदसम्म भैरहेको क्षेत्र | चौथो | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |
| कुनै पनि प्रकारको भौतिक पूर्वाधारले नछोएको जग्गा र कृषि प्रयोजनमा ल्याइरहेको तर कृषिको लागि अनुपयुक्त जग्गा। | भविष्यको विस्तार क्षेत्र | वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं.,<br>वडा नं. |

विद्यमान घनावस्ती र शहरी विस्तारको लागि प्राथमिकता निर्धारण गरिएका क्षेत्रहरुमा व्यवस्थित शहरीकरणका लागि चालिनु पर्ने प्रमुख कदमहरु निम्नानुसार छन्:

- ऐतिहासिक बजार क्षेत्रमा भएका पुरातात्विक तथा साँस्कृतिक महत्व झल्काउने किसिमका घरहरुको संरक्षण गर्ने। यस्ता घरहरुको मर्मत सम्भार, तल्ला थप वा भत्काई नयाँ निर्माण गर्दा पनि पुरानो वास्तुकला कायम राख्न लगाउने।
- भवन मापदण्ड लागू गर्ने
- सडक अधिकार क्षेत्र तोक्ने।
- उपलब्ध भौतिक पूर्वाधारहरुको मर्मत तथा सम्भार गर्ने।
- शहरी विस्तारको प्राथमिकता अनुसार नँया भौतिक पूर्वाधारहरुको निर्माण गर्ने।

### ३.५.४ भू-उपयोग क्षेत्र निर्धारण

गाउँपालिकामा उपलब्ध जमिनको प्रभावकारी तवरवाट उपयोग गर्दै व्यवस्थित नगरको विकास गर्न कुन ठाउँका जमीन के कस्ता प्रयोजनहरुको लागि उपयोग गर्न दिने भन्ने मुख्य भू-उपयोग क्षेत्र ( जस्तै: आवासीय क्षेत्र, व्यापारिक क्षेत्र, कृषि क्षेत्र, हरित क्षेत्र, संरक्षित क्षेत्र आदि) को निर्धारण गरी सो क्षेत्रहरु स्पष्ट देखिने नक्सा तयार पारिएको छ। यसको लागि पालिकाको कुन क्षेत्रका के कस्ता क्रियाकलापहरु विद्यमान छन् र शहरी विस्तार क्षेत्र कुन क्षेत्रमा प्रस्ताव गरिएको छ सोको अध्ययन



Scanned with CamScanner

तथा विश्लेषणको आधारमा भू-उपयोग क्षेत्र को निर्धारण (Delineation of the Area Predominant Land Use Zone) गर्ने कार्य गरिन्छ । जस्तै: आवासीय भवनहरु बढ्दो संख्यामा निर्माण भैरहेको क्षेत्रमा औधोगिक क्षेत्र प्रस्ताव गरिएमा कार्यान्वयन गर्न सम्भव नहुन सक्छ । त्यस्ता क्षेत्रहरु र सो आसपासका खाली क्षेत्रहरुलाई समेत समेटेर आवासीय क्षेत्रको रुपमा तोकिएको छ । अन्य भू-उपयोग क्षेत्रहरु जस्तै: व्यापारिक, औधोगिक, संस्थागत, उधान, वन आदि क्षेत्रहरु पनि त्यस्तै गरी प्रस्ताव गरिएका छन् । यसैगरी, मुख्य उपयोग क्षेत्रको सफल कार्यान्वयन गर्न के कस्ता क्षेत्रमा के कस्ता कियाकलापहरु संचालन गर्न दिने वा नदिने भन्ने विषयको विनिमय समेत तर्जुमा गरिएको छ ।

### प्रस्तावित भु-उपयोग

सम्सी गाउँपालिकाको भावि योजना अनुरुप नयाँ भू-उपयोग नीति अपनाएर अगाडी बढ्नु पर्ने देखिन्छ । त्यसै अनुसार आगामी प्रस्तावित भू-उपयोग प्रस्तावना यस आवधिक योजनाको दौरान गरिएको छ । जसमा यसै पालिकाको प्रमुख श्रोत र साधन वन जंगलको संरक्षण गर्न वन क्षेत्रलाई सम्पुर्ण संरक्षण क्षेत्रको रुपमा विकास हुने देखाइएको छ भने यहाँको नदी र बगरहरुको उचित संरक्षण तथा व्यवस्थापन भए केही भू-भाग खुल्ला क्षेत्र, औद्योगिक क्षेत्र र नगरपालिकामा नयाँ वस्ती विकासको साथै संस्थागत विकासको लागि ०.०५ प्रतिशत प्रस्ताव गरिएको छ ।

सम्सी गाउँपालिका मा मूख्य आर्थिक कृयाकलापको रुपमा अग्रणि क्षेत्रको आधारमा कृषिमा व्यवसायिकरण तथा वनजङ्गल जडिबुटीको संरक्षण एवम् उपयोगको लागि उद्योग वा प्रशोधन गर्न मझौला औद्योगिक क्षेत्रको निर्माण तथा विकास गर्ने उद्देश्यले प्रस्तावना भएको छ । सम्सी गाउँपालिकाको श्रोतको विकास तथा सम्सी लाई आन्तरिक तथा वाहिरी पर्यटकहरुलाई पर्यटनको संजालमा राख्न तथा यस क्षेत्रको प्राकृतिक दृष्य तथा क्षेत्रहरुलाई समेटेर पर्यटन तथा खुला क्षेत्रहरु पनि प्रस्ताव भएको छ ।

### ३.५.५ भौतिक विकास योजनाको कार्यान्वयनको लागि आवश्यक कार्यक्रम तथा नीतिहरु

भौतिक विकास योजनाले विकासको नियन्त्रणात्मक तथा प्रवर्द्धनात्मक दुवै पक्षलाई समेट्छ । विकास कार्यलाई सोझै नियन्त्रण गर्न कठिन हुने हुनाले सोको सट्टामा विकास कार्यको लागि उपयुक्त क्षेत्रहरुमा टेवा पुऱ्याउन प्रोत्साहन गर्ने तथा अनुपयुक्त क्षेत्रमा निरुत्साहित गर्ने नीतिको विकास गरी क्रमश: कार्यान्वयन गर्दै लैजानु पर्दछ । यसरी नीति तयार गर्न पूर्वाधार विकास योजनाको मार्गदर्शनले पनि सघाउ पुऱ्याउँदछ । मूलत: भौतिक र सामाजिक दुई किसिमका पूर्वाधार हुन्छन् । त्यसमा पानीको व्यवस्था, नाली तथा ढल, सडक, विजुली, टेलिफोन, सडक बत्ती जस्ता विषयहरु भौतिक पूर्वाधार र शिक्षण संस्था, अस्पताल, बजार केन्द्र, वित्तीय संस्था, पार्क, जस्ता विषयहरु सामाजिक पूर्वाधार अन्तर्गत पर्दछन् । मूलत: भौतिक पूर्वाधारमा मुख्य निम्न विषयहरु समेटिएका छन्:

#### (क) सडक तथा यातायात

यातायातको चापको दृष्टिकोणले पनि सम्सी गाउँपालिका.को मुख्य सडकको रुपमा महेन्द्र राजमार्ग वाट २४ कि.मी टाढा सडक रहेको छ । अधिकांश भू-भाग अझै ग्रामीण प्रवृतिको रहेकोले सम्सी गाउँपालिकालाई वृहत सडक सञ्चालन निर्माण गर्नु बढी आवश्यक छ । समथल भू-बनौटको कारणले पनि वस्तीहरुलाई एक अर्कासँग जोडन स-साना सडक र सीमित नै भए पनि यातायातको सुविधा पुऱ्याउनेतर्फ सु.न.पा.ले सोच्नु आवश्यक छ । यसवाट सम्सी गा.पा भित्रको आन्तरिक



Scanned with CamScanner

आवागमनलाई मात्र टेवा नपुगी वरपरका स्थानीय निकायसँगको अन्तरसम्बन्ध पनि वृद्धि भई दुवै पक्षलाई आर्थिक टेवा पुग्न सक्छ ।

Scanned with CamScanner

(ख) पानीको आपूर्ति व्यवस्था



Scanned with CamScanner

**(ग) वर्षातको पानी निकास योजना**

सम्सी गाउँपालिकाको भू-अवस्थिति र बनावटका कारण बर्षातको पानी(Storm Water)प्राकृतिक रुपले निकास भइरहेकोले समस्या परेको पाईदैन। तथापि बस्ती विकास भएका ठाउँहरुमा र साँघुरा सडक भएका ठाउँमा बर्षातको पानीले उचित निकास पाइरहेको छैन जसको कारण बर्षातको समयमा आवागमनमा असजिलो, दुर्घटनाको खतरा र हिलोमैलाको समस्या बढ्दै जाने देखिन्छ। साना ठूला सबै बाटोको दाँयाबाँया सतह ढल बनाउनु आवश्यक देखिन्छ भने संकलित बर्षाको पानी प्राकृतिकरुपमा निकास सकिन्छ । तथापी यसो गर्दा घरको फोहर पानी सिधै सतह ढलमा निकास गर्न निषेध गरिनु पर्छ ।

**(घ) ढल**

फोहोरमैला संकलनमा बामे सर्दै रहेको सम्सी गा.पा. ढल (Sewerage) व्यवस्थापन तर्फ उचित कदम चाल्न सकेको छैन । सु.न.पा.को भू-बनौटको कारणले पनि व्यवस्थित ढल निकासको आवश्यकता बोध गरिएको पाँइदैन । तथापि जनघनत्व बढ्दै जादा पछि यसले विकराल रुप लिने कुरामा भने शंका छैन। घरघरको फोहोर पानी र ढललाई व्यवस्थित रुपले निकास गर्न हरेक घरमा सेप्टिक ट्यांक (Septic Tank) र सोक पिट (Soak Pit) बनाउनु पर्ने नीतिनियम ल्याउनु आवश्यक छ। आफ्नो खेतबारी हुने घरहरुको सन्दर्भमा धेरै जसो ढल आफ्नै सोकपिटले धान्न सक्छ भने घनावस्तीमा भने अन्तिम निकासको लागि सार्वजनिक ढल प्रणाली (Sewage System) नै आवश्यक हुन्छ । वैज्ञानिक ढल प्रणालीकोलागि टोल संगठनहरुको सानो-सानो समुह बनाई एकिकृत रुपमा फोहर पानी संकलन गरी ठाउँठाउँमा प्रशोधनशाला (Treatment Plant) बनाउनु आवश्यक छ। प्रशोधन पश्चात् भने पानीलाई प्राकृतिक रुपले निकास गर्न सकिन्छ।

**(ङ) विद्युत तथा दूरसञ्चार**

नेपालमा वस्तीहरु छरिएर रहेका हुन्छन् र धेरै खर्च गरेर सडक, विद्युत तथा दुरसञ्चार सेवा पुऱ्याउनु पर्ने हुन्छ। त्यसको साथै घनावस्तीहरुमा यस्ता सेवाहरु पुऱ्याउनु किफायती हुन्छ। सम्सी गा.पा.को सन्दर्भमा शहरी विस्तारका लागि छुट्याइएका क्षेत्रहरुमा प्राथमिकता अनुरुप विद्युत तथा दुरसञ्चार सेवा विस्तार गर्नु उचित हुन्छ।

**<u>भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कवद्ध योजना</u>**

भौतिक पूर्वाधार विकास सम्बन्धी तर्कवद्ध योजना तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ।

| योजनाको सारांश | सूचक | पुष्ट्याँईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| उद्देश्यः | | | |
| १. भौतिक पूर्वाधारहरु (सडक, खानेपानी, सिंचाई, हुलाक, विद्युत) को समुचित विकास मार्फत जनजीवनमा सुगमता ल्याउने | सडक तथा यातायातः<br>• आ.व. ०८०/८१सम्ममा विद्यमान सडक मध्ये प्रतिशत सडकको स्तरोन्नती भएको(हाल भएका कच्ची र ग्राभेल सडक)<br>• वडा भेला मार्फत आएका माग बमोजिम सडक खोलिएको स्तरोन्नती भएको | • सडक कार्यालयको अभिलेख<br>• जि.स.स.सूचना केन्द्र<br>• गा.पा.सूचना केन्द्र | • राजनैतिक, सामाजिक परिस्थितिको अनुकूलता<br>• निजी क्षेत्रको सहयोग<br>• जनसहभागिताको सहजता<br>• सरकारी अनुदानको पर्याप्तता |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | ▪ सम्पूर्ण १५ वटै वडामा सडक पहुँच पुगेको र कुनै पनि बस्तीबाट बढीमा १ घण्टा (वा २ कि.मी.) पैदल यात्रा गर्दा मोटर सडक सम्म पुग्न सकिने<br>▪ स.न.पा.का भित्री बस्तीहरुमा साना सवारी साधनमार्फत सार्वजनिक यातायात संचालन भएको | | |
| | खानेपानी<br>▪ हाल % जनसंख्याले सीमित मात्रामा भए पनि व्यवस्थित खानेपानी प्राप्त गरिरहेकोमाआ.व.०८०/८१ सम्ममा कम्तीमा % प्रतिशतले प्राप्त गरेको<br>▪ खानेपानीको आपुति तथा व्यवस्था उपभोक्तालाई हस्तान्तण भएको<br>▪ खानेपानीको आपूर्ति दैनिक २ घण्टा नियमित भएको<br>▪ स्थानीय कुवाको नियमित मर्मत सम्भार स्थानीय समुदायबाटै भएको | ▪ जि.स.स.सूचना केन्द्र<br>▪ खानेपानीको कार्यालयको अभिलेख<br>▪ स.गा.पा. सूचना केन्द्र | |
| | दुरसंचार:<br>▪ आ.व.०८०/८१ सम्ममा प्रतिशत घरमा कम्तीमा एउटा ल्याण्ड लाइन भएकोमा<br>▪ आ.व.०८०/८१ सम्ममा प्रत्येक वडामा एक टेलिसेन्टर (Telecenter), सुचना केन्द्र स्थापना भएको | ▪ जि.स. सूचना केन्द्र<br>▪ दूरसंचार संस्थान, शाखाको अभिलेख<br>▪ गा.पा. सूचना केन्द्र | |
| | विद्युत<br>विद्युतको राष्ट्रिय प्रसारण पुगेको घर संख्या हाल करिब % रहेकोमा आ.व.०७३/७४ सम्ममा कम्तीमा % पुगेको | ▪ विद्युत प्राधिकरण शाखा कार्यालय, को अभिलेख<br>▪ जि.स.स. सूचना केन्द्र<br>▪ गा.पा. सूचना केन्द्र | |
| | सिंचाई<br>▪ हाल हे.जग्गामा सिंचाई सेवा प्राप्त गरिरहेकोमाआ.व.०८०/८१ सम्ममा कम्तीमा हे. ले प्राप्त गरेको | ▪ सि.डि.का. जि.स.स. सूचना केन्द्र<br>▪ गा.पा. सूचना केन्द्र | |

णनीति:

- भौतिक विकासमा सरकारी अनुदान, गा.पा.को आफ्नो श्रोत साधन, निजी क्षेत्रको लगानी र जनसमुदायको लगानीलाई व्यापक रुपमा परिचालन गर्ने ।



Scanned with CamScanner

- विकास निर्माण कार्यमा ठूला आयोजना ठेक्का मार्फत र साना आयोजना उपभोक्ता मार्फत गर्ने।

नीति/कार्यनीति:

- साना बजेटका आयोजनामा उपभोक्ताको लगानी बढाउने ।
- उपभोक्ता मार्फत् आउने विकास योजनालाई प्राथमिकता दिने ।
- निजी क्षेत्रसँग सहकार्यमा लगानीका अवसरहरु पहिल्याउने ।

कार्यक्रमहरु:

भौतिक पूर्वाधार (सडक, ढल, विद्युत, खानेपानी, भवन निर्माण, दूरसंचार आदि) अन्तर्गतका कार्यक्रमहरुमा वडा भेलाबाट माग भई आएका कार्यक्रमहरुलाई प्राथमिकता दिई समावेश गरिएको छ जसलाई **खण्ड ५** मा प्रस्तुत गरिएको छ ।

### ३.५.६ पूर्वाधार लगानी रणनीति

